महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राप्तीसोनारी गाउँपालिका

बाँके




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राप्तीसोनारी गाउँपालिका

### बाँके




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ११७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
राप्तीसोनारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बाँके ।

**कैफियत सहितको राय**

हामीले राप्तीसोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१० करोड १५ लाख ४२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१८ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड १९ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४३ लाख १७ हजार र पेश्की रू.३३ लाख ५० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.२५ करोड ५३ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३५ करोड ६८ लाख ९९ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

रासीसोनारी गाउँपालिका, बाँके

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६४ | १९२ | १०१५४२ | १ | ० | ० | ६३ | १९२ | १०१५४२ | १८८४ | ३४३१७ | ६१९९१ | ० | ० | ९६३०८ | ३३५० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | नभएको | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रासीसोनारी गाउँपालिका बाँके | २५५३५७ | ० | ० | २५५३५७ | ० | १०१५४२ | ३५६८९९ |

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थान : राप्तीसोनारी गाउँपालिका, बाँके , राप्तीसोनारी गाउँपालिका , बाँके

आर्थिक बर्ष: २०७८/७९

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि बहादुर खत्री | २०७९-४-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मनिराम खनाल | २०७८-१०-१६ | २०७८-१०-१६ |
| कार्यालय प्रमुख | सिंहराज डाँगी | २०७८-१२-२२ | २०७९-३-३२ |
| कार्यालय प्रमुख | लोक बहादुर शाही | २०७८-१-२ | २०७८-१२-२१ |
| लेखा प्रमुख | गौरब कुमार लामिछाने | २०७६-१२-२८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १०१,५४१,९३७.५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,१२,५२,६२८.२२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५३,२७,८६,००० | **चालु खर्च** | ७०,०८,०२,४१८.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,८७,४७,००० | **पूँजीगत खर्च** | २०,९५,५३,८८० |
| **राजश्व बाँडफाँट** | १९,९९,११,१८१.३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २,७३,९५,६६१ | | |
| **अन्य आय** | २०,३२,४१,१३९ | | |
| **कुल आय** | १,००,२०,८०,९८१.३ | **कुल खर्च** | ९१,०३,५६,२९८.३ |
| **बाँकी मौज्दात** | | १६,२९,७७,३११.२२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राप्ति सोनारी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस राप्पातीसोनारी गाँउपालिका अन्तर्गत वडा ९ वडा १०४१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा ५९. हजार ९४६ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br><br>लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्ट्याई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९|११|०७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>स्थानीय संचित कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।<br><br>
<table>
<tr><td>सि.नं</td><td>आयतर्फ</td><td></td><td></td><td>सि.नं</td><td>व्ययतर्फ</td><td></td><td></td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td>७१२५२६२८</td><td>७१२५२६२८</td><td>१</td><td>चालु खर्च</td><td>७१२०२३९८७</td><td>७१२०२३९८७</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) नगद | ० | ० | २ | पूँजीगत खर्च | २०९५५३८८० | २०९५५३८८० |
| | ख) बैंक | ७१२५२६२८ | ० | ३ | वित्तिय व्यवस्था भुक्तानी | ० | ० |
| २ | राजस्व ( आन्तरिक आय) | २२७३०६८४४ | २२७३०६८४४ | | क) ऋण भुक्तानी | ० | ० |
| | क) आन्तरिक राजस्व | २७३९५६६२ | ० | | ख) ब्याज भुक्तानी | ० | ० |
| | ख) राजस्व बाँडफाँड | १९९९१११८१ | ० | | ग) अन्य भुक्तानी | ० | ० |
| | ग) अन्य आय (जिसस) | ० | ० | ४ | लगानी | ० | ० |
| ३ | वित्तिय हस्तान्तरण संघ | ५३२७८६००० | ५३२७८६००० | | ऋण लगानी | ० | ० |
| | क) वित्तिय समानीकरण अनुदान | १७१९००००० | ० | | शेयर लगानी | ० | ० |
| | ख) सशर्त अनुदान | ३६०८८६००० | ० | | अन्य लगानी | ० | ० |
| | ग) समपूरक अनुदान | ० | ० | ५ | धरौटी फिर्ता | ४६८३२९७ | ४६८३२९७ |
| | घ) विशेष अनुदान | ० | ० | ६ | प्रकोप व्यवस्थापन कोष | ६२२१४०० | ६२२१४०० |
| 4 | अन्तरसरकारी वित्त अनुदान | ० | ० | ७ | विमा वापत खर्च | ४८१००० | ४८१००० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३८७४७००० | ३८७४७००० | ८ | जि.स.स.खर्च | १६०५००० | १६०५००० |
| | क) वित्तिय समानीकरण अनुदान | ८२०३००० | ० | ९ | मौज्दात | १६२९७७३१२ | १६२९७७३१२ |
| | ख) सशर्त अनुदान | ८५४४००० | ० | | क) बैंक मौज्दात | १६२९७७३१२ | ० |
| | ग) समपुरक अनुदान | १५०००००० | ० | | ख) नगद मौज्दात | ० | ० |
| | घ) विशेष अनुदान | ७०००००० | ० | १० | संचित कोष- ११ | १४१२०१५१६ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | ११ | चालु खर्च खर्च | ५५०००० | ० |
| ६ | अन्य | १८५२३६७७८ | १८५२३६७७८ | १२ | चेक साटन बाँकी | ० | -८७१७०४०९ |
| | क) एकिकृत स्वास्थ्य पूर्वाधार | ० | ० | १३ | धरौटी- १४ | ११९८३५९० | ० |
| | ख) सामाजिक सुरक्षा | १८५२३६७७८ | ० | १४ | प्रकोप- १७ | ५८३७८४ | ० |
| ७ | विविध कोष खाता | १०७४४४२२ | १०७४४४२२ | १५ | विविध कोष- २९ | ८६५८४२२ | ० |
| | क) जि.स.स.बाट प्राप्त रकम | १६०५००० | ० | १६ | अनुदान फिर्ता | ६२९५८१४४ | ६२९५८१४४ |
| | ख) विमा वापत प्राप्त रकम | ४८१००० | ० | | क) संघ सशर्त | ५८६०१५१२ | ० |
| | ग) कर्मचारी कल्याण कोष | ३०००००० | ० | | ख) संघ विषेश | ० | ० |
| | घ) विभिन्न कोष खाताको आय | ५६५८४२२ | ० | | ग) प्रदेश सशर्त | ४३५६६३२ | ० |
| ८ | विपद कोष | ३४६३०३६ | ३४६३०३६ | | घ) प्रदेश विषेश (मुख्यमन्त्रि) | ० | ० |
| ९ | धरौटी आय | ३७९६९०३ | ३७९६९०३ | | ङ) प्रदेश समपुरक | ० | ० |
| जम्मा | | | १०७३३३३६११ | जम्मा | | | १०७३३३३६११ |

४

**वित्तिय विवरण परीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।

<table>
<tr><td></td><td></td><td></td><td>

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बैक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले रु ४९३४२१७ बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>चालु खाता</td><td>०</td><td>५५००००</td><td>५५००००</td></tr>
<tr><td>पुजीगत खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>मर्मत खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कल्याणकोष खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रकोष कोष</td><td>६२३६०००</td><td>५८३७८३</td><td>-५६५२२१७</td></tr>
<tr><td>विविध कोष</td><td>८४९०४२२</td><td>८६५८४२२</td><td>१६८०००</td></tr>
<tr><td>जम्मा</td><td>१४७२६४२२</td><td>९७९२२०५</td><td>-४९३४२१७</td></tr>
</table>
</td><td>४,९३४,२१७</td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**अनुदान वितरण**

कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। पालिकाले विधालयहरुलाई उपलब्ध गराउने अनुदान निकासा दिएको छ। पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको बारेमा कार्यालयले अनुदान रकमको खरिद बिल अनुसारको बिल भरपाई पुष्ठयाई सहित फोटो सहितको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>

**सम्पतिको अभिलेख**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ। | |
| ८ | | | **सम्पतिको हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ। | |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ७ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।<br><br>उक्त नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १० | | | **कानुन निर्माण र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ६ वटा नियमावली, ५८ कार्यविधि लगायत ७९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकालाई आवश्यक पर्ने कानून समयमा नै बनाई कामकाजलाई सरल बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ११ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी छैन र यो बर्ष थप भएको ९ वटा विवाद दर्ता भएकोमा ९ वटा फछयौट भई बाकी छैन। तसर्थ न्यायिक समितिमा दर्ता भएका मुद्दाहरुको कानुनमा भएको व्यवस्था बमोजिम समयमा नै किनारा गर्नुपर्ने देखिन्छ। | |
| १२ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ४४८७४५ खर्च गरेको छ जुन पालिकाको आन्तरिक आयको १.६४ प्रतिशत रहेको छ। पालिकाले आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्दछ। | |
| १३ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले आर्थिक सहायता कार्यविधि नबनाई पालिका अध्यक्षको तोकको आधारमा यस वर्ष १३५ जनालाई ४१७६४००।- आर्थिक सहायता वितरण गरेका छन् जुन पालिकाको आन्तरिक आयको १५.२४ प्रतिशत रहेको छ। यसरी कार्यालयले कार्यविधि बेगरको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |

१४

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तसम्म बचेको रकम देहायबमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ ः

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३६०८८६०० | ३०२८७०८८ | ५८०१५१२ | ० |
| | विषेश | ० | ० | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ८५४०००० | ५७९७९७० | २७४२०३० | ० |
| | विषेश | ७०००००० | ५४६९४०१ | १५३०५९९ | ० |
| | समपुरक | १५०००००० | १४९१५९९७ | ८४००३ | ० |

१५

**बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१६

**बजेट रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा भएको व्यवस्था बमोजिम कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षक प्रतिशतमा नबढाई रकमान्तर गर्न सकने व्यवस्था छ। पालिकाको मिति २०७८/०९/२९ को निर्माणबाट रकमान्तर रु १०६२३३७ रकम बराबरको गरेको देखिन्छः

१७

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८|७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७२८०७१५३ | ३६५५१५२३ | ५०% |

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | ५६८४९९०७४ | ४११४८०६१२ | ७२% |
| ३ | सामाजिक विकास | १९५६४४२२८ | १०४९९०७३३ | ५४% |
| ४ | बातावरण तथा विकास | ७०८५९८९६ | ४४१६१४८० | ६२% |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५४५२७००० | १३९१५६७४१ | ९०% |
| | जम्मा खर्च | १०६२३३७३५१ | ७३६३४१०८९ | |

१८ **चौमासिक पूजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च ( रु हजारमा ) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | २०९५५४ | १८७९२ | ५२०९६ | १३८६६६ | ८८४३२ |
| प्रतिशत | ५३ | ९ | २५ | ६६ | ४२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु २० करोड ९५ लाख ५४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु १ करोड अर्थात ९ प्रतिशत, दोश्रो चौमासिकमा रु ५ करोड २० लाख ९६ हजार अर्थात २५ प्रतिशत र तेश्रो चौमासिकमा रु १३ करोड ८६ लाख ६६ हजार अर्थात ६६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ८ करोड ८४ लाख ३२ हजार अर्थात ४२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१९ **बजेट पेश, पारीत तथा अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा उपाध्यक्ष श्री मनीषा सिंह थारुले मिति २०७८। ३ । १० गते रु ८७ करोड ४७ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ३ । २९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको मिति २०७८/५/२ देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ। | |
| २० | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| २१ | | | **कर्मचारी दरबन्दी र पदपूर्ती**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| २२ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करारमा राखि रु २२१३९९७३ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु ७८४७६६५ भुक्तानी गरेको अनियमित दिखएको रु<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>२२.१ \| कर्मचारी करार \| ७८,४७,६६५ | ७,८४७,६६५ |
| २३ | | | **तलबि प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखिन्छ। यसरी कार्यालयले तलब खर्च लेख्दा तलबी प्रतिवेदन जारी गरी मात्र खर्च लेख्नु पर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **पिए र सल्लाहकार**<br><br>लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष/उपाध्यक्षको १-१ जना पिए र कानुनी/सञ्चार सल्लाहकारको रुपमा १-१ जना नियूक्त गरी रु ११२४८७८ तलब भत्तामा भुक्तानी गरेको अनियमित देखिएको रु | १,१२४,८७८ |
| २५ | | | **अनुदानको अनुगमन**<br><br>कार्यालयले आफूले दिएको अनुदान उपयोगको सुनिश्चितताको लागि अनुगमन को व्यवस्था गर्नुपर्दछ । पालिकाले पाठ्यपुस्तकमा रु ६९५३९२१ छात्रवृतिमा रु. २८१३८०० र दिवाखाजामा रु २०११८३०१ अनुदान विधालयहरुमा पठाएको देखिन्छ । विधालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षमा खर्च भयो भएन यकिन गर्न सकिएन । यसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनलाई पालिकाले परीक्षण गरी अनुदान सुनिश्चितताको यकिन गर्नु पर्दछ । | |
| २६ | | | **शिक्षक दरबन्दी**<br><br>शिक्षक दरबन्दीः- पालिकाले शिक्षा नियमावली अनुसार दरबन्दी मिलान गर्नु पर्दछ । कार्यालयले जिल्ला शिक्षा समन्वय ईकाईले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि, निमावि.,मावि, स्थायी तथा अस्थायी र राहत दरबन्दी शिक्षकको संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरबन्दी मिलान गरेको देखिएन । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन । | |
| २७ | | | **धरौटीको अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्दछ । | |
| २८ | | | **धरौटी फिर्ता**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी फिर्ताको अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ । रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्दछ । | |
| २९ | | | **१५ शैयाको अस्पताल निर्माण** | |
| २९.१ | | | गाँउपालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं. ४ बैदापुरमा लगभग ९ रोपनी जमीन क्षेत्रफलमा २ तलाको १५ शैयाको अस्पताल निर्माणको लागि रु. १६२५०५८६०।९० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कवोल गर्ने निर्माण व्यबसायी अवाले।ए.डि. जेभी काठमाडौसँग मिति २०८०।०२।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।०३।२८ मा रु.१०३९८९६५०।३८ को सम्झौता गरेकोमा देखिएका व्यहोरा निम्न छन्- | |
| २९. | | | कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले सम्झौता बमोजिम | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | रु.२२२७०५४८\|- कार्य सम्पादन जमानत राख्नु पर्नेमा रु.१९७५४०००\|- मात्र राखेकोले रु.२५१६५४८\|- घटी कार्य सम्पादन जमानत राखेकोले महालेखाको गत आर्थिक बर्षको प्रतिवेदनमा बेरुजु औल्याएकोमा व्यहोरा यथावत रहेको छ। हाल सम्म पनि घटी जमानत नलिएकोले नियमावलीमा भएको व्यबस्था बमोजिमको कार्य सम्पादन जमानत लिनु पर्ने रु.२५१६५४८\|- | |
| २९.३ | | | विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा पालिकाले अवाले।एडी जेभी काठमाडौलाई प्रथम रनिगं विल वापत रु.१८७७२२३०\|१३ भुक्तानी गर्दा प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम रु.३९९२०\|- , फ्रष्ट एड किड्सको रु.३७८६३२\|- र सुचना बोर्ड लेखाजूई वापत रु.५०००\|- समेत रु.४२३५५२\|- भुक्तानी गरेकोमा सो को विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.४२३५५२\|- | ४२३,५५२ |
| ३० | | | **शित भण्डार निर्माण**<br><br>**शित भण्डार निर्माण –** गाँउपालिकाले वार्ड नं. ४ बैजापुरमा १५१.९४ बर्ग मीटर भवनले ओगट्ने **क्षेत्रफलमा २ तलाको ४ कोठे** शित भण्डार निर्माणको लागि लागत अनुमान रु.१८६१३०४८।७६ को तयार गरीएकोमा वोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी ग्रोअप कन्ष्ट्रक्शन एण्ड विल्डर्स प्रा.लि खजुरा-३ बाँकेसँग मिति २०७९।०३।२० भित्र निर्माण कार्य सक्ने गरी २०७८।१०।२६ मा रु.११५९०६३७।७० को ठेक्का सम्झौता गरेकोमा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसकि मिति २०७९ चैत्र मसान्त सम्म म्याद थप गरी यो आर्थिक बर्षको अन्त्य सम्म मोविलाईजेशन पेश्की रु.२००००००।— समेत रु.२८२३२७१।- भुक्तानी खर्च लेखेको छ । म्याद थप गरेको अवधिमा पनि निर्माण कार्य सक्ने अवस्था देखिदैन । अन्य व्यहोरा निम्न छन्-<br><br>:<br><br>जग्गाको स्वामित्व- बैजापुर राप्ती सोनारी – ४ मा शित भण्डार बन्दै गरेको जग्गा सामकुटी मन्दिरको नाममा रहेको भनिएता पनि उक्त जग्गा कसको नाममा रहेको भन्ने पालिकालाई समेत एकिन जानकारी नरहेको पाईयो। जग्गाको स्वामित्व पालिकाको नाममा नआई सकेको अबस्थामा भौतिक संरचनामा लगानी गर्नु उचित देखिदैन । उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जा पालिकाको स्वामित्वमा नरहेकोले बन्दै गरेको शित भण्डार भवन एवं अन्य संरचनाको स्वामित्व निर्माण सम्पन्न पश्चात कसको स्वामित्वमा रहने सो को एकिन नभएकोले पालिकाले जग्गाको स्वामित्व आफ्नो नाममा ल्याउनको लागि पहल गर्नु पर्ने देखिन्छ। | |
| ३१ | | | **निर्माण कार्य अनिश्चत रहेको**<br><br>मुलबाटो देखि जुरपानी जाने बाटो कालोपत्रे (ठे.नं. ०२\|०७८\|७९)- पालिकाले मुलबाटो देखि जुरपानी जाने बाटो कालोपत्रे निर्माणको लागि रु.१९४३७४९\|९७ लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यावसायी बाबा ईन्फ्रा प्रोजेक्टस प्रा.लि.नेपालगंजसँग मिति २०७९\|०२\|३० भित्र सक्ने गरी मिति २०७८\|०८\|०९ मा रु.८८६१०३\|५२ को सम्झौता गरेकोमा निर्माण कार्य सक्ने तोकिएको मिति सम्ममा निर्माण कार्य शुरु समेत नभएको र म्याद थप समेत नगरेको छ । लेखापरीक्षण अवधि सम्म पनि निर्माण व्यबसायी सम्पर्कमा नआएको जानकरी पालिकाले अवगत गराएकोले निजले राखेको कार्य सम्पादन जमानत एभरेष्ट बैंक लि.बर्दियाशाखाको २०८०\|०३\|३१ सम्म भएको जमानत रु.३८१०००\|- जफत गरी निर्माण व्यबसायी सम्पर्कमा आएमा पूर्वनिर्धारित क्षतिपूर्ति सहित निर्माण कार्य सम्पन्न गर्नु पर्ने देखिएको रु. | ३८१,००० |
| ३२ | | | **सम्झौता गर्न नआएको**<br><br>बढी व्ययभार- ठेक्का नं.०४\|०७८\|७९ पालिकाले रिम्ना-कौवाकारा-खैरी-बुच्छापुर-झिझरी सामुदाइक वन जाने बाटो कालोपत्रे (१२५५ मीटर)राप्ती सोनारी-०९, बाँकेको निर्माण कार्य गर्नको लागि रु.८५१७१८०\|७३ | |

| | | | | |
|---|---|---|---|---|
| | | | मु.अ.कर बाहेक को लागत अनुमान तयार गरीएकोमा वोलपत्रको माद्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी जय गणेश निर्माण सेवा कोहलपुरको कबोल अंक रु.५७१९२४५।४९ को बोलपत्र २०७८।१०।०८ मा स्विकृत गरी सम्झौताको लागि मिति २०७८।१०।२० मा पत्राचार गरेकोमा उक्त निर्माण व्यबसायीले २०७८।११।०८ मा सम्झौता गर्न नसकिने व्यहोराको निबेदन पेश गरेकोले बोलपत्र मूल्यांकन समितिको मिति २०७८।११।९ को निर्णयानुसार निजको बोलपत्र जमानत रु.२३००००।-जफत गरि दोस्रो घटी कवोल गर्ने बोलपत्रदाता शौरभ कन्स्ट्रक्शन राप्ती सोनारीको कबोल अंक रु.९७०९२८७।३७ स्विकृत गरी मिति २०७९।३।२० भित्र निर्माण कार्य सकने गरी मिति २०७८।१२।११ मा सम्झौता गरी म्याद भित्र रु.९६७१२६६।६१ मा निर्माण कार्य सम्पन्न गरेको छ। पहिलो घटीवालाले सम्झौता गर्न नआएकोले दोस्रो घटीवालाको बोलपत्र स्विकृत गरी निर्माण कार्य गराउँदा पालिकालाई रु.३५५२०२१।१२ बढी व्ययभार पर्न गएको छ। सम्झौता नगर्ने निर्माण व्यबसायीलाई सार्वजनिक खरिद एन २०६३ को दफा ६३ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गर्ने निर्णय भएकोमा सो को कार्यान्वयन भएको पाईएन। नियमको पालना गरि निर्णयको कार्यान्वयन हुनु पर्दछ। | |
| ३३ | | | **निर्माण कार्य एकिन नभएको**<br><br>निर्माण कार्य एकिन नभएको- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उप नियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने तथा जिन्सी अद्यावधिक गरी राख्नु पर्ने व्यबस्था रहेको छ। लक्ष्मी मा.वि.राप्ती सोनारी-२ को पर्खाल निर्माण वापत उपभोक्ता समितिलाई रु.९७००००।- भुक्तानी गरेकोमा गाडी नं.भे १ त ८८५५ बाट ढुंगा ९ ट्रीपको रु.४९००।- बालुवा १२ ट्रिपको रु.३००००।- गिट्टी ४ ट्रिपको रु.२२०००।- र माटो पटान १४ ट्रिपको रु.२१०००।- समेत रु.१२२५००।-ढुवानी भुक्तानी गरेकोमा उक्त निर्माण सामाग्री सामाग्री खरिद गरेको विल भर्पाई तथा उत्खनन गरेको स्रोत नखुलेको। साथै मिति २०७८।११।२३ मा पर्खाल निर्माण कार्य सम्पन्न भएको अनुगमन गरेको तथा स्वघोषणा गरेको मिति एउटै राखिएको र निर्माण कार्यमा एउटै मिति राखेकोले निर्माण सम्पन्न एकिन नभएको। | ९७०,००० |
| ३४ | | | **विजक पेश नभएको**<br><br>विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा शौरभ कन्स्ट्रक्शन राप्ती सोनारीलाई अन्तिम रनिगं विल वापत रु.५६३६४२०।२३ भुक्तानी गर्दा प्रोभिजनल सम आईटमबाट बागेश्वरि सिभिल ल्याव प्रा.लि.कोहलपुरबाट ल्यावटेष्ट गराए वापत विजक बेगर रु.२५०००।- भुक्तानी गरेकोमा सो को विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.२५०००।- | २५,००० |
| ३५ | | | **कार्य सम्पन्न प्रतिवेदन पेश नभएको**<br><br>नविकरणिय उर्जा प्रविधि जडान- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात उक्त कामको स्विकृत ड्ईङ डिजाईन वा स्पेशिफिकेशन बमोजिम भए नभएको प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यबस्था रहेको छ। पालिकाले भौ.नं.२७।२औ७९।०३।२५ बाट सोलार बत्ती सेट जडानको लागि प्रति सोलार सेट रु.११३३९७।- को लागत अनुमान तयार गरी कोटेशनको माद्यमद्वारा माईक्रोट्रोनिक्स नेपाल प्रा.लि.काठमाडौबाट रु.७९२५१२।- मुल्यका ७ थान सोलार सेट जडानका सामाग्री खरिद गरी भुक्तानी खर्च लेखेकोमा सो को जडान गरेको कार्यको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन पेश नभएकोले पेश हुनु पर्ने रु. | ७९२,५१२ |
| ३६ | | | **कर कट्टी नगरेको**<br><br>ढुवानी कर- भौ.नं.५।०७८।१२।२४ -आयकर एन २०५८ को दफा ८८ मा भाडामा तोकिएको दरमा भाडाकर लगाउनु पर्ने व्यबस्था रहेको छ। पालिकाले धामपुर मुल सडकदेखि दक्षिण तोप बहादुर थारुको घर सम्म जाने बाटो ग्राभेल गरे वापत उपभोक्ता समिति लाई रु.९५४१००।- भुक्तानी गरेकोमा विनोद कुमार थारुले भे १ त ६८३७ नं.को गाडीबाट १४० ट्रिप निर्माण सामाग्री ढुवानी गरे वापत रु.४२५०००।- को भर्पाई राखि भुक्तानी गरेकोमा सो मा लाग्ने कर रु.४२५००।- कट्टी नगरेकोले सम्बन्धितबाट अशुल हुनु पर्ने रु.४२५००।- | ४२,५०० |

३७

**नन् फाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न निर्माण व्याबसायी तथा सप्लायर्सलाई निर्माण सामाग्री वापत बिजक रकम रु. २११०११३१|७६ मुल्य अभिवृद्दि कर समेत भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई तथा कर चुक्ता नगरी नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मुल्य अभिवृद्दि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा अशुल हुनु पर्ने रु.१६९९२९५|-

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | विल रकम | मू.अ.कर रकम | ७०- प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| ४|०७९|३|२२ | अवालोए.डी. जेभी<br>ठे.नं.२६|०७७|७८ | १६२३७७६८|१३ | २११०९०९|८६ | १४७७६३७ |
| १६२|०७८|११|२३ | रामलाल निर्माण सेवा<br>ठे.नं.०३|०७८|७९ | १७०७२५० | २२१९४२|५० | १५५३६० |
| ४१४|०७९|३|२५ | ग्रोअप कन्ष्ट्रक्शन एण्ड विल्डर्स प्रा.लि.<br>ठे.नं.०५|०७८|७९ | ७२८५४९|८० | ९४७११|४७ | ६६२९८ |
| जम्मा | | १८६७३५६७.९३ | २४२७५६३.८३ | १६९९२९५ |

१,६९९,२९५

३८

**अधुरो निर्माण कार्य**

अधुरो निर्माण कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ मा सम्झौता बमोजिमको तोकिएको मितिमा निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यबस्था रहेकोमा पालिकाले निम्न निर्माण कार्य तोकिएको मितिमा सम्पन्न नगरी लेखापरीक्षण अवधि सम्म पनि अधुरो रहेकोले रु.९७९२९५०३|६७ मुल्य बराबरको बाँकी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झैता रकम | भुक्तानी रकम | निर्माण हुन बाँकी रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १५ शैयाको अस्पताल निर्माण , राप्ती सोनारी-०४ , बाँके | श्री अवाले/ए.डी. जे.भी. , बौध , काठमाडौँ | 103,987,650.38 | 18,772,230.13 | 85,638,972.40 | ०३/२८/२०७८ | 2080/02/30 |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कालोपत्रे , राप्ती सोनारी-०९ , बाँके | सोनारी-६ , बाँके | 0 | 50 | | ७८ | |
| शितभण्डार बैजापुर-६ , राप्ती सोनारी-०४ , बाँके | श्री ग्रोअप कन्स्ट्रक्सन एंड बिल्डर्स प्रा.लि. खजुरा-३, बाँके | 11,590,637.77 | 2823271 | 8,767,366.77 | १०/२६/२०७८ | १२/३०/२०७९ |
| जम्मा | | | | 97,929,503.67 | | |

३९

**साईकल खरिद**

पालिकाले गाँउपालिकाको चालु कार्यक्रमबाट बाल बालिकालाई शैक्षिक प्रोत्साहन सहयोग कार्यक्रममा रु.९१९६०००।- बजेट विनियोजन गरी १२०० थान लेडिज साईकल खरिदको लागि २ पटक बोलपत्रको माध्यमद्वारा सबै भन्दा घटी कबोल गर्ने हिमालयन साईकल ट्रेडर्स प्रा.लि.बानेश्वर काठमाडौको ४५० थान साईकल रु.३३९६२७१।५० र पञ्चकोशी कन्ष्ट्रक्शन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुरको ७५० थान साईकल रु.५५००७८५।७६ मु.अ.कर समेत गरी कुल रु.८८९७०५७।२६ को बोलपत्र स्विकृत गरी हिमालयन साईकल ट्रेडर्स प्रा.लि.बानेश्वर काठमाडौसँग २०७८।१२।३० भित्र सप्लाई गर्ने गरी २०७८।१२।०३ मा सम्झौता गरी सोही बमोजिम भुक्तानी भएको र पञ्चकोशी कन्ष्ट्रक्शन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुरसँग मिति २०७८।९।२७ भित्र सप्लाई गर्ने गरी मिति २०७८।०७।२८ मा खरिद सम्झौता गरि रु.५२०४३२०।६७ भुक्तानी खर्च लेखेकोमा परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्

३९.१

अनुत्पादक क्षेत्रमा लगानी- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुर्याउने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने उल्लेख भएको छ। तर गाउँपालिकाले बाल बालिकालाई शैक्षिक प्रोत्साहन सहयोग कार्यक्रम भनि विभिन्न १३ वटा विद्यालयमा अध्ययनरत महिला छात्रालाई ११७३ वटा साईकल वितरण गरेको छ।

संविधानले स्थानिय निकायलाई आधारभुत माध्यमिक तह सम्मको विद्यालयको सञ्चालन र ब्यबस्थापन गर्ने भिनएता पनि पालिकाले सिद्देश्वर क्याम्पस र लक्ष्मी मा.वि.मा स्नातक तहमा अध्ययनरत छात्रालाई समेत साईकल वितरण गरेको छ। त्यस्तै महिला छात्रालाई वितरण गर्ने भनि खरिद गरिएका साईकल स्वास्थ्य चौकी,हुलाक,गैर सरकारी संस्था अशक्त र अशहायलाई समेत वितरण गरेको पाईयो। पालिकाले लगानी गरेको क्षेत्रबाट स्थानिय जनताको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान नपुगेको, उत्पादनमूलक तथा प्रतिफल प्राप्त गर्न नसकिने क्षेत्रमा लगानी गरेको ,जनताको जीवनस्तर, आम्दानी र रोजगारी नबढ्ने भएकोले पालिकाको ठुलो बजेट अनुत्पादक क्षेत्रमा लगानी भएको देखियो। वितरणमुखि र प्रचारमुखी योजना कार्यान्वयनमा न्युनिकरण गरी स्थानिय जनताको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने कार्यक्रममा लगानी गरी दिगो रुपमा पूँजि निर्माण हुने क्षेत्रमा पालिकाले आफ्नो योजना तथा कार्यक्रम केन्द्रित गर्नेतर्फ ध्यान जानु आवस्यक देखिन्छ।

३९.२

गुणस्तर परिक्षण- सार्वजनिक खरिद नियमावलि २०६४ मा खरिद गरिने मेशिनरी माल सामान प्राविधिक नाप जाँच गरि गुणस्तर युक्त भए नभएको एकिन गरेर मात्र जिन्सी आम्दानि जनाई वितरण गर्नु पर्ने उल्लेख छ। गाउँपालिकाले खरिद गरीएका ११९९ थान महिला साईकल कार्यालयमा प्राप्त भएपछि स्पेशिफिकेशन अनुसार भए नभएको सम्बन्धमा प्राविधिक परीक्षण गरेर जिन्सी दाखिला गर्नु पर्नेमा सो नगरेको र प्राविधिक स्पेशिफिकेशन बमोजिम ठिक भए नभएको परीक्षण गरेको छैन। खरिद मध्ये गुणस्तर परिक्षण नगरी ११८५ साईकल वितरण गरेको पाईयो। गुणस्तर परिक्षण नहुँदा वितरण गरिएका साईकल स्पेशिफिकेशन अनुसारको भए नभएको एकिन गर्न सकिएन। साथै पञ्चकोशी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पञ्चकोशी कन्स्ट्रक्शन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुरको रु.५५००७८५।७६ को ७५० थान महिला साईकल खरिद गर्ने गरि सम्झौता भएकोमा ७४९ वटा मात्र साईकल खरिद गरेको छ । ७४९ वटा खरिद गरिएका साईकलको मुल्य सम्झौता अनुसार रु.५४९३४५०।६२ भुक्तानी गर्नु पर्नेमा रु.५२०४३२०।६७ मात्र भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकासँग छलफल हुँदा साईकलको न्यूनतम तौल १९ केजी हुनु पर्नेमा सो नभएकोले रु.२८९१२८।४६ भुक्तानी कट्टा गरिएको जानकारी प्राप्त हुन आएको । यसबाट पनि खरिद गरिएका साईकल स्पेशिफिकेशन अनुसार भए नभएको र गुणस्तरयुक्त भए नभएको एकिन हुन सकेन । पालिकाले गुणस्तर परीक्षण गरेर मात्र सामान वितरण गरिनु पर्दछ । | |
| ३९.३ | | | प्राविधिक स्पेशिफिकेशन- पञ्चकोशी पञ्चकोशी कन्स्ट्रक्शन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुरको रु.५५००७८५।७६ को ७५० थान महिला साईकल खरिदको बोलपत्र स्विकृत भएकोमा निज सप्लायर्सले वि ओ क्यू मा रहेको टेक्निकल रिक्वायरमेन्टमा खाली राखेको छ । बोलपत्रदाताले बोलपत्र पेश गर्दा आर्थिक र प्राविधिक दुबै प्रस्ताव भर्नु पर्ने भएकोले रित पूर्वकको बोलपत्र पेश भएको देखिएन । सुचनामा समेत रित पुर्वकको बोलपत्र पेश नभएमा स्विकृत नहुने उल्लेख भएता पनि पालिकाले पञ्चकोशी पञ्चकोशी कन्स्ट्रक्शन ज्वाला ट्रेडर्स एण्ड सप्लायर्स कोहलपुरको रु.५५००७८५।७६ को बोलपत्र स्विकृत गरेको छ । यसबाट सप्लायर्सले कुन मोडलको कुन कम्पनिको र स्पेशिफिक्शन अनुसारको सामान सप्लाई गरेको छ भन्ने आधार प्रमाण देखिएन । साथै सप्लायर्सले विलमा लिडर कम्पनि भनिएता पनि सो कुरा विओक्यूमा कहि कतै उल्लेख भएको देखिएन । तसर्थ वितरण गरिएका साईकल प्राविधिक स्पेशिफिकेशन बमोजिम रहे नरहेको एकिन गर्न सकिएन । साथै सप्लायर्सले प्राविधिक प्रस्ताव खाली राखि बोलपत्र पेश गरेकोले रित पुर्वक नरहेको बोलपत्र स्विकृत गरेको अनियमित देखिएको रु. | ५,५००,७८५.७६ |
| ३९.४ | | | वितरण र भर्पाई- वितरण गरिएका ११८५ वटा साईकल मध्ये ११ विद्यालयमा ११र १२ मा अध्ययनरत छात्रालाई र दुई वटा क्याम्पसमा स्नातक तहमा अध्ययनरत गरी १३ वटा विद्यालयलाई हस्तान्तरण गरेकोमा ११७३ जना विद्यार्थीले साईकल बुझेको फोटो सहितको भर्पाई पेश भएको छ । साथै स्वास्थ्य चौकी,हुलाक,गैर सरकारी संस्था , अशक्त र अशहायलाई गरी १२ थान वितरण गरेको भनिएकोमा जय बागेश्वरी अशल शासनलाई वितरण गरेको २ थानको भर्पाई पेश नभएको । साथै कुल खरिद गरिएका ११९९ थान साईकल मध्ये ११८५ थान साईकल वितरण गरेको र बाँकी १४ थान मध्ये जिन्सी खातामा ४ थान मौज्दात देखिएको र बाँकी रहेका प्रति साईकल रु.७३३४।३८ का दरले रु.७३३४३।८१ मुल्य बराबरका १० थान साईकल कहाँ प्रयोग भएको सो बारेमा पालिकाले एकिन गरी जिन्सी अद्यावधिक गर्नु पर्ने रु.७३३४३।८१ | ७३,३४३.८१ |
| ४० | | | **आन्तरिक आय ठेक्का नलागेको**<br><br>स्थानिय सरकार सञ्चालन एन २०७४ मा गाउपालिकाको काम कर्तव्य र अधिकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त व्यबस्थापन एन २०७४ मा प्राकृतिक स्रोतको परिचालन गरि आन्तरिक आय बृद्दि गर्ने सम्बन्धि ब्यबस्था रहेको छ ।<br><br>आन्तरिक आय बृद्दी गर्ने सम्बन्धमा तदारुकता देखाएको पाईएन । यस सम्बन्धि अन्य व्यहोरा- | |
| ४०.१ | | | आन्तरीक आय ठेक्का- स्थानिय सरकार सञ्चालन एन २०७४ मा गाउपालिकाको काम कर्तव्य र अधिकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त व्यबस्थापन एन २०७४ मा प्राकृतिक स्रोतको परिचालन गरि आन्तरिक आय बृद्दि गर्ने सम्बन्धि ब्यबस्था रहेको छ । पालिकाले यस आर्थिक बर्षमा नदि जन्य पदार्थको उत्खनन वापत देहाय बमोजिम राप्ती सोनारी खोलाको ५ स्थानबाट न्यूनतम आय रु. २६ करोड ६० लाख कायम गरि मिति २०७८।०९।०२ मा ई-विडिगंको माध्यमद्वारा सुचना प्रकाशन गरेकोमा कुनै पनि बोलपत्र दर्ता भएको पाईएन । पालिकाले पुन मिति २०७८।१०।१२ मा दोस्रो पटक सुचना प्रकाशन गर्दा समेत कुनै पनि निर्माण व्यबसायी वा सप्लायर्सले भाग नलिएको कारणले पालिकाले ठुलो आम्दानी गुमाएको छ । पालिकाले बोलपत्र दर्ता नहुनुको कारणको विष्लेषण गरेको पाईएन । पालिकाबाट नदिजन्य पदार्थको ठेक्का नलागे पछि पालिका आफैंले निर्माण सामाग्री बालुवा ,गिट्टी , गिर्खा ,माटो तथा नदिजन्य पदार्थको अमानतबाट विक्री वितरण गर्न सक्नेमा सो समेत गरेको पाईएन । बाँके जिल्लाको नदिजन्य पदार्थको उर्वर मानिने यस राप्ती नदिबाट निर्माण सामाग्री बालुवा ,गिट्टी , गिर्खा ,माटो आदि चोरी निकासी हुने सम्भावना रहेकोले यसतर्फ पनि पालिकाले विशेष ध्यान दिनु जरुरि देखिन्छ । पालिकाले नदिजन्य पदार्थको विक्री वितरण गरी आन्तरिक आय बढाउनको लागि पालिकाबाट आबस्यक पहल हुनु जरुरी छ । | |
| ४०. | | | स्थानिय नदिजन्य पदार्थको निगरानी- बाताबरण संरक्षण एन २०७६ र बाताबरण संरक्षण नियमावली २०७७ को नियम ३ अनुसुची २ मा खानी क्षेत्र अन्तर्गत नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | बालुवा ,गिट्टी , गिर्खा ,माटो निकाल्ने प्रस्तावको लागि प्रारम्भिक बाताबरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। प्राकृतिक श्रोतहरुको उपयोग गर्दा बाताबरणमा पर्न सक्ने अनुकुल प्रभावलाई बढोत्तिकरण गर्ने तथा प्रतिकुल प्रभावहरुलाई निरोधात्मक तथा उपचारात्मक प्रभाव न्युनिकरण विधिहरु अपनाएर न्यूनिकरण गर्न वा हटाउन वा कार्यको बाताबरणीय अनुगमन गर्नको लागि पालिकाले गत अर्थिक बर्षमा विभिन्न ९ वटा स्थलको प्रारम्भिक बाताबरणिय परीक्षण गरी दैनिक ३०० घनमिटर सम्म बालुवा ,गिट्टी , गिर्खा ,माटो निकाल्ने प्रस्तावको लागि प्रारम्भिक बाताबरणीय परीक्षण तयार गरी ८२४५२५ घनमिटर निकाल्न सकिने प्रतिवेदन पेश भएको भएता पनि यो बर्ष पालिकाबाट कुनै ठेक्का नलागेकोले उत्खनन गर्न सकिने भनिएका नदि जन्य पदार्थ निर्माण सामाग्री बालुवा ,गिट्टी , गिर्खा ,माटो आदि चोरी निकासी हुने सम्भावना रहेकोले पालिकाले उत्खनन हुन सक्ने स्थानको निगरानी राख्नु पर्ने देखिन्छ। साथै पालिका आफैले स्रोत साधन र जनशक्ती परीचालन गरेर भए पनि नदिजन्य पदार्थ विक्री वितरण गरेर आन्तरिक आयलाई बढाउनु पर्ने कुरामा पालिकाको ध्यान जानु पर्दछ। | |
| ४१ | | | **भौतिक पूर्वाधार निर्माण** | |
| ४१.१ | | | विद्यालय भौतिक पूर्वाधार- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार करारका सर्त वमोजिम प्राविधिक नापजाँचा गरी नापी किताबमा उल्लेखको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिन पर्ने उल्लेख छ। गाँउपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे र दुई कोठे विद्यालय भवन निर्माणमा विनियोजित भएको बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमिको च.नं.२२५ मिति २०७९।३।१७ को पत्रानुसार सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाई कार्य प्रगतीको आधारमा निर्माण कार्यको रकम भुक्तानी हुने गरी देहायका विद्यालयको खातामा भौ.नं. २३,२५।०७९।३।२४ समेतबाट विद्यालय भवन निर्माण वापत रु.२८८००००।- , आईसिटि प्रयोगशाला वापत रु.३९०००००।-,प्राविधिक धार ल्याव सुद्रीढीकरण वापत रु.१००००००।- र पढ्दै कमाउँदै वापत रु.१००००००।- समेत रु. ३४७०००००।- विद्यालय व्यबस्थापन समितिको खातामा निकाशा गरेको छ। उक्त रकमबाट भए गरेका भौतिक पूर्वाधार सम्बन्धी कार्यको प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिवेदन, सहितको प्रमाण कागजात पेश हुनुपर्ने रु.३४७०००००।- | ३४,७००,००० |

| सि.नं. | विद्यालयको नाम | ठेगाना | वापत | निकासा रकम |
|---|---|---|---|---|
| १ | श्री कुसुमेश्वर मा.वि. | राप्ती सोनारी -१ कुसुम | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |
| २ | श्री लक्ष्मी मा.वि. | राप्ती सोनारी -२ मदुई | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |
| ३ | श्री लक्ष्मी मा.वि. | राप्ती सोनारी -२ मदुई | प्राविधिक धार ल्याव सुदृढीकरण | १०००००० |
| ४ | श्री लक्ष्मी मा.वि. | राप्ती सोनारी -२ मदुई | पढ्दै कमाउँदै | १०००००० |
| ५ | श्री नेपाल राष्ट्रिय मा.वि. | राप्ती सोनारी -२ अगैया | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |
| ६ | श्री सरस्वती मा.वि. | राप्ती सोनारी -३ भवनियापुर | ४ कोठे भवन | ३६००००० |
| ७ | श्री जनशक्ति मा.वि. | राप्ती सोनारी -४ बैजापुर | ४ कोठे भवन | ३६००००० |
| ८ | श्री नेपाल राष्ट्रिय मा.वि. | राप्ती सोनारी -४ कुम्भर | २ कोठे भवन | १८००००० |
| ९ | श्री नेपाल राष्ट्रिय आ.वि. | राप्ती सोनारी -४ सुर्यलालपुर | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री नेपाल राष्ट्रिय मा.वि. | राप्ती सोनारी -५ चिलहरिया | ४ कोठे भवन | ३६००००० |
| ११ | श्री बालक शान्ति प्रा.वि. | राप्ती सोनारी -५ चाचरफर्का | २ कोठे भवन | १८००००० |
| १२ | श्री भुवरभवानी मा.वि. | राप्ती सोनारी -५ बिनौना | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |
| १३ | श्री नेपाल राष्ट्रिय आ.वि. | राप्ती सोनारी -६ गुलरी | विद्यालयमा IT lab सुदृढिकरण | ६५०००० |
| १४ | श्री सिद्धेश्वर मा.वि. | राप्ती सोनारी -६ सिधनवा | ४ कोठे भवन | ३६००००० |
| १५ | श्री शिवशक्ति मा.वि. | राप्ती सोनारी -८ पेरानी | ४ कोठे भवन | ३६००००० |
| १६ | श्री जनशक्ति मा.वि. | राप्ती सोनारी -८ बालापुर | ४ कोठे भवन | ३६००००० |
| १७ | श्री जनता मा.वि. | राप्ती सोनारी -९ बैजनाथपुर | ४ कोठे भवन | ३६००००० |
| | जम्मा | | | ३४७०००००।- |

| | | | | |
|---|---|---|---|---|
| ४१.२ | | | निजी क्षतिग्रस्त भवन पूनः निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित निजी आवास कार्यक्रम अन्तर्गत २०७१ सालको बाढी पहिरेबाट क्षतिग्रस्त भएका जिल्लामा निजी आबास पुन निर्माण अनुदान सम्बन्धि कार्यविधि २०७३ मा घडेरी नभएका व्यक्तीलाई प्रति व्यक्ती रु.३५००००।- घडेरी भएकालाई रु.३०००००।- का दरले अनुदान दिने व्यबस्था रहेको छ। पालिकाले बाढी पहिरोबाट घरबार बिहिन भएका व्यक्तोलाई जग्गा तथा आवास निर्माणको लागि विभिन्न २०३ जना व्यक्तीलाई प्रथम किस्ता वापत रु.३८२९०९५।- ।-र दोस्रो किस्ता वापत रु.४११५०००।- समेत रु.७६५८१९०।- अनुदान उपलव्ध गराएकोमा आबास निर्माण कार्य सम्पन्न गरी सो को प्राविधिक मुल्यांकन समेतको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.७६५८१९०।- | ७,६५८,१९० |
| ४१.३ | | | आवास पूनः निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न सबै वडामा १२१ छनौंट भई आएका मध्ये विभिन्न १०३ जना व्यक्तिहरुलाई प्रतिव्यक्ति रु. २०९२८।- का दरले रु.२१५५५८४।- र विभिन्न ४ जना व्यक्तिहरुलाई प्रतिव्यक्ति रु. २०९२९।- का दरले रु.८३७१६।- समेत गरी प्रथम किस्ता वापत रु.२२३९३००।- अनुदान उपलव्ध गराएकोमा दोस्रो | २,२३९,३०० |

| | | | | |
|---|---|---|---|---|
| | | | किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.२२३९३०० ।- | |
| ४२ | | | **परामर्श सेवा (हेफर ईन्टरनेशनल नेपाल)** | |
| ४२.१ | | | गैहसरकारी संस्था मार्फत कार्य पालिकाले गैह सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यस राप्ती सोनारी गाउँ पालिकाले मिति २०७८ मार्ग १ देखि २०८० असार १५ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।०८।०१ मा पालिकाले व्यहोर्नु ७५ प्रतिशत रु.२६००००००।- र परियोजनाले व्यहोर्ने २५ प्रतिशत रु.८६६६७५०।- गरी परियोजनाको कुल लागत रु.३४६६६७५०।- को दुइ वर्षको सम्झौता गरेको पाईयो । विगत बर्षमा भएको खर्चको विवरण माग गरीएकोमा सो को विवरण पेश हुन नआएकोले हाल सम्म हेफर ईन्टरनेशनल नेपालमार्फत कति खर्च भयो एकिन गर्न सकिएन । पालिकाले आर्थिक कारोबारको अभिलेख अद्यावधिक राख्नु पर्दछ । यस आर्थिक बर्षमा पेश्को वापत रु.३५०००००।- उपलब्ध गराएकोमा खर्चको फाँटबारी पेश हुन नआएकोले यस बर्षको खर्च एकिन हुन नसकेको रु. | ३,५००,००० |
| ४२.२ | | | अनुगमन मुल्यांकन- सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको पालिकावाट चौमासिक रुपमा स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन । गैर सरकारी संस्था मार्फत भए गरेको अनुदान कार्यक्रमको उपलव्धीको मापन गरी सो को विश्लेषण र उपादेयता सम्बन्धमा सहि रुपमा लगानी भए नभएको सम्बन्धमा पालिकाबाट नियमित रुपमा अनुदान कार्यक्रमको अनुगमन मुल्यांकन हुनु पर्दछ । | |
| ४३ | | | **अभिलेख नराखेको** | |
| ४३.१ | | | खरिद कारवाही अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। | |
| ४३.२ | | | ठेक्का अभिलेख - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ। | |
| ४४ | | | **उपभोक्ता समितिहरुबाट जनश्रमदान कम कट्टा भएको**<br><br>**उपभोक्ता समितिहरुबाट जनश्रमदान कम कट्टा भएको—** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश गर्ने एवम सोहि नियमको उपनियम ४ मा त्यस्तो रकमहरु कट्टा गरेर मात्र उपभोक्ता समितिलाइ भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्ष उपभोक्ता समितिहरुबाट निर्माण काम गराएकामध्ये नमूना छनौटको आधारमा परीक्षण गर्दा देहायका उपभोक्ता समितिबाट लागत अनुमान तथा सम्झौता भन्दा कम हुने गरि जनश्रमदान गराएको देखिएको हुनाले पालिकाले यकिन गरि | ३५,२५५ |

सम्बन्धितबाट असुल हुनुपर्ने रु......

| उपभोक्ता समितिको नाम र काम | गो भौ नं र मिति | भुक्तानि रकम | प्राबिधिक मूल्यांकन रकम | कट्टा हुनुपर्ने जनश्रमदान रकम | कट्टा भएको रकम | नपूग रकम |
|---|---|---|---|---|---|---|
| वडा नं ४ नपुग धारा खरिद तथा बितरण उ स | २२६।०७९।१।७ | २६०४४६ | २६२७४८ | १३१३७ | २३०२ | १०८३५ |
| वडा नं ४ देउपुरुवा प्रसोना र सूर्यलालपुरमा धारा खरिद तथा बितरण उ स | ५५।०७८।८।२५ | ३८८००० | ४०२५३५ | २०१२६ | १४५३५ | ५५९१ |
| वडा नं ४ माहुदेखि दंगपूर्वामा धारा खरिद तथा बितरण उ स | २८७।०७९।२।३० | २४२५०० | २४७२१३ | १२३६० | ४७१३ | ७६४७ |
| वडा नं ४ बैजापुर लटनियामा धारा खरिद तथा बितरण उ स | ३५।०७८।७।१५ | ३८८००० | ४०२५३५ | २०१२६ | १४५३५ | ५५९१ |
| वडा नं ४ को कुम्भर राजपुरमा धारा खरिद तथा बितरण उ स | ५९।०७८।८।२२ | ३८८००० | ४०२५३५ | २०१२६ | १४५३५ | ५५९१ |
| जम्मा | | | | | | ३५२५५ |

४५ **निर्माण कार्यको गुणस्तर र नापी किताब सम्बन्धमा**

**प्राविधिक बील र कार्य सम्पन्न**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क तथा बिबरणहरु उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**खरिद कारवाही अभिलेख –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोलेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

**निर्माण कार्यको गुणस्तर –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ को उपनियम १ को खण्ड ङअनुसार निर्माण काम गर्न सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परिक्षण गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने तथा उपभोक्ता समितिबाट गराइने निर्माण कामको गुणस्तर परिक्षण गर्ने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी निर्णमा कामको गुणस्तरिय काम गराउनुपर्नेमा यो वर्ष गाउँपालिकाबाट पूँजीगतवाट रु. २० करोड ९६ लाख पुँजीगत खर्च गरेकोमा निर्माण व्यवसायीहरुबाट गराइएको निर्माण कामको केहि योजनाहरुको गुणस्तर परिक्षण गराएको भएतापनि अधिकांश निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट भएको निर्माण कामको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन

प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।

**नापी किताब**: निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.नं. 503 मा उल्लेख गर्नुपर्ने गरि महालेखा परीक्षकबाट स्वीकृत गराइ महालेखा नियन्त्रक कार्यलयले लागु गरेको छाउक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायी तथा उपभोक्ता समितिको नाम, कामको नाम र स्थान, चेनेज, काम सुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरि नापिजाँच गर्ने, सिफारीस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्थ छ । पालिकाले सडक निर्माण कामहरुको लागत अनुमान तयार गर्दा चेनेज नंम्बर उल्लेख नगरेको कारण पालिकाले एउटै सडक योजनामा बोलपत्रको माध्यम र उपभोक्ता समिति एवम कोटेशनबाट बिभिन्न निर्माण व्यवसायीहरुबाट निर्माण काम गराउदा काममा दोहोरोपना भएको छैन भन्न सकिने अवस्था देखिदैन । साथै अन्य निकायहरुबाट समेत बजेट व्यवस्था भई समन्वयको अभावमा सोहि सडकमा निर्माण काम हुन सक्ने तर्फ पालिकाले उचित ध्यान दिनुपर्ने देखिन्छ । त्यसैले पालिकाले सडक निर्माणको कामको प्राबिधिक मूल्यांकन एवम नापी किताबमा अनिवार्य रुपमा चेनेज नं खुलाई काममा हुन सक्ने दोहोरोपनालाइ निस्तेज गर्नुपर्दछ

४६ **ह्याण्ड पाइप खरिद तथा बितरण** ३,३९८,०९६

**ह्याण्ड पाइप खरिद तथा बितरण–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राहि समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राहि समूहबाट निर्माण काम गराउन सक्ने प्रावधान रहेको छ । यसरी ऐनमा उपभोक्ता समितिबाट लाभग्राहीहरुको शिपको प्रयोग गरि रोजगारी सृजना हुने काम गराउन सकिने तर खरिदको काम मात्र उपभोक्ता समितिबाट गराउन मिल्ने देखिएन । उपभोक्ता समितिबाट पम्प खरिद गरि बितरण गर्दा तयार भएको लागत अनुमानमा जिल्ला दररेटको आधारमा बास्तबिक रुपमा सामान ढुवानीको दररेट लागत अनुमानमा समाबेश गर्नुपर्नेमा बिभिन्न उपभोक्ता समितिहरुलाइ फरक फरक हुने गरि ढुवानी लमसममा लागत अनुमानमा समाबेश गरेको एवम ४ नं को हयाण्ड पम्पको संख्या बराबर जि आइ सकेटको आवाश्यकता हुनेमा हयाण्ड पम्पको दोब्बर हुने गरि लागत अनुमान तथा नापी गरेको कारण उपभोक्ता समितिहरुलाइ योगदान पुराउन सहयोग भइ उपभोक्तालाइ जि आइ सकेट वापत बढि भुक्तानि हुन गएकोले पालिकाले बढि भुक्तानि भएको रकम असुल गर्नुपर्दछ । देहायमा उल्लेख गरिए उपभोक्ता समितिहरुबाट ऐन तथा नियममा भएको व्यवस्था बिपरित हयाण्ड पम्प खरिद गरि बितरण गरेकोले नियमसम्मत नहुनुको साथै बितरण भरपाइमा बितरण मिति,बितरण गर्नेको नाम र पद,धारा प्राप्त गर्नेको सम्पर्क फोन नं, बितरण भरपाइमा रोहवर नराखेको र भरपाइ प्रमाणित नभएकोले एवम बितरण भएको पम्प लाभग्राहीहरुले बुझिलिइ जडान भएको प्राबिधिक मूल्यांकन पेश पाइएन । तसर्थ जि आइ पाइप स्ट्रेनर अर्थात जालि सहितको भएकोले एक हयाण्ड पम्पको लागि एउटा मात्रजि आइ सकेट चाहिनेमा हयाण्ड पम्पको दोब्बर हुने गरि लागत अनुमान तथा नापी गरेको कारण उपभोक्ता समितिहरुलाइ जि आइ सकेटमा बढि भुक्तानि भएकोले उपभोक्ताको योगदान कट्टा गरि रु २३५६३।०० असुल गरि सो को प्रमाण र पम्प जडान भएको सिभिल काम भएको प्राबिधिक मूल्यांकन समेत पेश गरि रु ३३९८०९६।०० को नियमित गर्नुपर्ने रु

| गो भौ नं र मिति | भुक्तानि रकम | उपभोक्ता समितिको नाम र वडा नं | हयाण्ड पम्प समेत सप्लाइ गर्ने सप्लायर्सको नाम | ढुवानि समेतको नापी मूल्यांकन | ४ नं को हयाण्ड पम्प र जि आइ सकेटको भुक्तानि जि आइ सकेटको प्रति गोटा रु १५८।०० को दरले |
|---|---|---|---|---|---|
| २२६।०७९।१।७ | २६०४४६ | वडा नं ४ नपुग धारा खरिद तथा बितरण उ स | जावेद ट्रेडर्स नेपालगंज | २६२७४८ | हयाण्ड पम्प २३ वटा र सकेट २३ वटा नापी भइ बढि नापी नभएको |
| ७३।०७८।८।२९ | ९५६१५० | वडा नं ३ धारा खरिद तथा बितरण उ स | गणेश ट्रेडर्स कोहलपुर | १०१०३८७ | हयाण्ड पम्प ८५ वटा र सकेट ८५ वटा भइ बढि नापी नभएको |
| ५५।०७८।८।२५ | ३८८००० | वडा नं ४ देउपुरुवा प्रसोना र सूर्यलालपुरमा धारा खरिद तथा बितरण उ स | राजशिष ट्रेडर्स राप्ती सोनारी | ४०२५३५ | हयाण्ड पम्प ३४ वटा र सकेट ६८ वटा भइ ३४ वटा बढि नापी भएकोले योगदान घटाइ रु ५१०३।०० बढि भुक्तानि भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| २८७।०७९।२।३० | २४७५०० | वडा नं ४ माहुदेखि दंगपूर्वामा धारा खरिद तथा बितरण उ स | गणेश ट्रेडर्स कोहलपुर | २४७२१३ | हयाण्ड पम्प १८ वटा र सकेट ३६ वटा भइ १८ वटा बढि नापी भएकोले योगदान घटाइ रु २७०१।०० बढि भुक्तानि भएको |
| ३५।०७८।७।१५ | ३८८००० | वडा नं ४ बैजापुर लटनियामा धारा खरिद तथा बितरण उ स | | ४०२५३५ | हयाण्ड पम्प ३४ वटा र सकेट ६८ वटा भइ ३४ वटा बढि नापी भएकोले योगदान घटाइ रु ५१०३।०० बढि भुक्तानि भएको |
| ३७।०७८।७।१५ | ३८८००० | वडा नं ४ धामपुर लालपुरमा धारा खरिद तथा बितरण उ स | राजशिष ट्रेडर्स राप्ती सोनारी | ४०९८९० | हयाण्ड पम्प ३७ वटा र सकेट ७४ वटा भइ ३७ वटा बढि नापी भएकोले योगदान घटाइ रु ५५५३।०० बढि भुक्तानि भएको |
| ५९।०७८।८।२२ | ३८८००० | वडा नं ४ को कुम्भर राजपुरमा धारा खरिद तथा बितरण उ स | होम्स ट्रेडलिङ्ग कोहलपुर | ४०२५३५ | हयाण्ड पम्प ३४ वटा र सकेट ६८ वटा भइ ३४ वटा बढि नापी भएकोले योगदान घटाइ रु ५१०३।०० बढि भुक्तानि भएको |
| १६४।०७८।११।२७ | ३८२००० | वडा नं ५ मा धारा खरिद तथा बितरण उ स | राजशिष ट्रेडर्स राप्ती सोनारी | ४०८७७१ | हयाण्ड पम्प ८५ वटा र सकेट ८५ वटा भइ बढि नापी नभएको |
| जम्मा | ३३९८०९६ | | | | बढि भुक्तानि भएको रु २३५६३ |

४७ | **बिद्यालयहरुलाइ स्कुल बस खरिद गर्न पेश्कि दिएको** | ३,३५०,०००

**बिद्यालयहरुलाइ स्कुल बस खरिद गर्न पेश्कि दिएको–** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ बमोजिम पेश्कि लिन संस्थाले सम्झौता बमोजिम तथा काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाइ र कागजात सहित पेश्कि फछर्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहायमा उल्लेख गरिए अनुसार दुइ बिद्यालयहरुलाइ यस वर्ष स्कुल बस खरिद गर्न पेश्कि दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभएकोले नियमानुसार फछर्यौट हुनुपर्ने रु.....................

| गो भौ नं र मिति | पेश्कि रकम | बिद्यालयको नाम |
|---|---|---|
| १०।२०७८।६।११ | १०००००० | लक्ष्मी माध्यमिक बिद्यालय वडा नं २ मदुई |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७३।२०७८।१२।७</td><td>२३५००००</td><td>कुसुमेश्वर माध्यमिक बिद्यालय वडा नं १</td></tr>
<tr><td>जम्मा</td><td>३३५००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>बालक शान्ति प्रा बि फर्निचर व्यवस्थापन<br><br>बालक शान्ति प्रा बि फर्निचर व्यवस्थापन – आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेखांकन गर्नु अघि त्यस्तो रकम भुक्तानि दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । वडा नं ५ को बालक शान्ति प्रा बि फर्निचर व्यवस्थापन अन्तर्गत गो भौ नं ८००।२०७९।३।२४ बाट रु २९१०००।०० भुक्तानि दिएकोमा फर्निचर खरिद गर्दा साइट क्लिरिएन्श वापत रु ७५००।०० भुक्तानि दिएको रकम असुल हुनुपर्ने रु………………</td><td>७,५००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>जस्तापाता खरिद तथा बितरण<br><br>जस्तापाता खरिद तथा बितरण– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दैं संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खरको छाना बिस्थापन कार्यक्रम अनुसार १० गेजको सादा ३२ एम एम को ६१६ पिस जस्तापाता खरिद गरि गो भौ नं ४१२।२०७९।३।२५ बाट रु ९०६४३५।०० जय लक्ष्मी ट्रेडर्स कोहलपुर बाँकेलाइ भुक्तानि दिएकोमा बितरण गरेको भरपाइ तथा ति जस्तापाता जडान भएको प्राबिधिक मूल्यांकन पेश नभएको रु.................</td><td>९०६,४३५</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>नाफामूलक तथा सहकारी संस्थामा लगानी<br><br>नाफामूलक तथा सहकारी संस्थामा लगानी– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दैं संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न तथा ति संस्थाहरु मार्फत काम गराउन एवम संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाबाट प्राप्त बिबरण अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका १० नाफामूलक संस्थाहरुको भवन निर्माण, कार्यालय व्यवस्थापनतथा सहकारी संस्थाहरु मार्फत बिभिन्न कार्यक्रम गरि रु.२९२२४१२।०० भुक्तानि गरेको छ । यसरी ऐनमा भएको व्यवस्था बिपरित सहकारी संस्थाहरुमा लगानी गरेको तथा समशेरगंज बोर्डिङ्ग स्कुल वडा नं ८ लाइ हयाण्ड पम्प जडानको लागि भुक्तानि दिएको रु १९४०००।०० असुल गरि एवम अन्य संस्थाहरुलाइ दिएको रकम समेत नियमित गर्नुपर्ने देखिएको रु.......<br><br>
<table>
<tr><td>शिर्षकको नाम</td><td>गो भौ नं र मिति</td><td>रकम</td><td>सहकारी संस्थाको नाम र ठेगाना</td><td>बिबरण</td></tr>
<tr><td>गा पा पूँजिगत</td><td>३७४।०७९।३।२०</td><td>१९४०००</td><td>समशेरगंज अंग्रेजी बोर्डिङ्ग स्कुल वडा नं ८</td><td>हयाण्ड पम्प जडानको ज्याला भुक्तानिको लागि बिद्यालयलाइ दिएको</td></tr>
<tr><td>संघिय चालु</td><td>१३८।०७९।३।२५</td><td>३५००००</td><td>महालक्ष्मी महिला कृषि सहकारी वडा नं १</td><td>बाख्रा पकेट अन्तर्गत सहकारीले बोका खरिद गरि बितरण गरेकोमा बितरण भरपाइमा बितरण गर्नेको दस्तखत र रोहवर नरहेको</td></tr>
</table>
</td><td>२,९२२,४१२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| गा पा पूँजिगत | ४०६।०७९।३।२५ | ५१२५५० | साकार कृषि सहकारी संस्था लि वडा नं ६ | पर्खाल निर्माणको डोर हाजिर रु २०३०००।०० पेश भएकोमा बुझिलिने र बुझाउने तथा प्रमाणित गर्नेको दस्तखत नभएको |
| गा पा पूँजिगत | ४०५।०७९।३।२५ | ७४४३९३ | साकार कृषि सहकारी संस्था लि वडा नं ६ | अधुरो भवन निर्माण |
| गा पा पूँजिगत | ३८६।०७९।३।२४ | ४८२१०६ | परिवर्तन सामाजिक उद्यमी महिला सहकारी वडा नं ७ | अधुरो भवन फर्निसिङ्गको डोर हाजिर रु ४०७०७४।०० पेश भएकोमा बुझाउने तथा प्रमाणित गर्नेको दस्तखत नभएको |
| गा पा पूँजिगत | ३९६।०७९।३।२४ | १६३५६३ | जानकी सामाजिक सहकारी वडा नं २ | भवन निर्माण |
| गा पा पूँजिगत | १९२।०७८।१२।१३ | २७००० | सनुकोशी सामाजिक उद्यम सहकारी वडा नं ४ | अधुरो भवन निर्माणको लागि इट्टा खरिदको लागि भुक्तानि दिएकोमा सिभिलको काम भएको प्राबिधिक मूल्यांकन पेश नभएको |
| गा पा पूँजिगत | २२०।०७९।१।५ | ९८८०० | खाद्यान्न तथा तरकारी उत्पादन कृषि सहकारी वडा नं २ | वर्षिम घाँसको बिउ खरिद तथा बितरण |
| गा पा पूँजिगत | २३०।०७९।१।७ | १५०००० | वन तथा वातावरण संरक्षण सहकारी वडा नं ३ | कम्प्यूटर र प्रिन्टर खरिद |
| गा पा चालु | ६०२।०७९।२।१० | २००००० | राप्ति पिडित कृषि सहकारी वडा नं ६ र ७ | गुडिया बनाउने र बंगुरपालन तालिम |
| जम्मा | | २९२२४१२ | | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **उपभोक्ता समितिलाइ ओभरहेड रकम भुक्तानि**<br><br>**उपभोक्ता समितिलाइ ओभरहेड रकम भुक्तानि –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कामको रकम भुक्तानि दिदाँ लागत अनुमान तथा सम्झौता अनुसार मूल्य अभिबृद्धि कर**,** ओभरहेड**,** कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिबाट काम गराउन लागत अनुमानमा ओभरहेड समावेश गरि तयार गरेकोमा सो रकम कट्टा गरि भुक्तानि दिनुपर्नेमा देहायअनुसारका उपभोक्ताहरुलाइ ओभरहेड रु ९३३१७।०० भुक्तानि भएकोले असुल हुनुपर्ने रु**....................** | ९३,३१७ |

| गो भौ नं र मिति | रकम | ओभरहेड भुक्तानि भएको आइटम नं र नाम | उ स को योगदान कट्टा गरि भुक्तानि भएको ओभरहेड रकम | उपभोक्ता समितिको नाम वा संस्थाको नाम र काम | कैफियत |
|---|---|---|---|---|---|
| १३८।०७९।३।२५ संघिय चालु | ३५०००० | आइटम नं ५ को १: ४ को प्लाष्टर | १३२४७।००+ + २००००।०० = ३३२४७।०० | महालक्ष्मी महिला कृषि सहकारी वडा नं १ बाख्रा पकेट | सम्झौतामारु२००००।००अनुगमनमा प्रस्ताब गरेकोमा अनुगमन नगरेको तथा भरपाइ समेत पेश नभएकोले असुल हुनुपर्ने |
| ३७६।०७९।३।२१ | २५००००० | आइटम नं २ टरफिलिङ्ग अफ क्यानल | २३७२ | खल्ला टेपरी सिंचाई नि उ स वडा नं ६ | |
| ३२९।०७९।३।७ | १००८०९२ | आइटम नं २ इम्ब्याकमेन्ट फिलिङ्ग | २७९८३ | शिब मन्दिर देखि पश्चिम जाने सडकमा माटो पटान तथा ग्राभेल | |
| ७५।०७८।८।२९ | ७६६१४७ | आइटम नं २ अर्थवर्क एक्जाभेशन फर ड्रेन | १८९८४ | पथरिया डाँडा जाने बाटोमा माटो पटान तथा ग्राभेल | |
| २४५ र ३३६।०७९।३।९ | १९९९६६४ | आइटम नं ६ भवनमा कलर लगाउने काम | ५४३६ | बर्फानी बाबा बाटो तथा मन्दिर निर्माण उ स वडा नं ४ | |
| १३१।०७८।१०।७ | ४७३४०० | आइटम नं २ स्कारिफाइङ्ग | ५२९५ | उत्तर सर्रा नयाँ बस्तीमा माटो पटान तथा ग्राभेल वडा नं ७ | |
| जम्मा | | | ९३३१७ | | |

| | | | | |
|---|---|---|---|---|
| ५२ | | | **वडा नं २ मा पाइपलाइनको काम**<br><br>**वडा नं २ मा पाइपलाइनको काम —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा निर्माण कामको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने बिचार गरि निर्माण काम गर्न लाग्ने समय समेत किटान गरि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यसरि सार्वजनिक निकायले निर्माण काममा आबाश्यक हुने सामाग्रिहरु समेत लागत अनुमानमा समाबेश गराइ ति सामाग्रिहरु सार्वजनिक निकायले व्यहोर्ने वा अन्य निकाय तथा संस्थाबाट उपलब्ध गराउने हो सो व्यहोरा खुलाइ लागत अनुमान तयार गरि निर्माण काम भए अनुसार प्राबिधिक मूल्यांकनको आधारमा सम्बन्धितलाइ भुक्तानि दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । तर पालिकाले वडा नं २ पाइपलाइन खन्ने मात्र कामको लागि उपभोक्ताको योगदान ६.६८ प्रतिशत समेत रु २०७८७७।०० को लागत अनुमान तयार गरि प्राबिधिक मूल्यांकन रु २०२२९४।०० भए अनुसार गो भौ नं ३२८।२०७९।३।७ बाट रु १८८४१७।०० भुक्तानि दिएको पाइयो । यसरि खानेपानीको कामको लागि चाहिने पाइप तथा फिटिङ्गस तथा सिभिल बर्क अन्तर्गत पाइपको लागि खन्ने पाइप पुर्ने र पाइप जोडाइ समेतका काम सिभिल वर्क समेत गर्नुपर्नेमा पालिकाले पाइपलाइन खन्ने कामको लागि मात्र लागत अनुमान तथा प्राबिधिक मूल्यांकन गरि उपभोक्तालाइ भुक्तानि दिएको हुदाँ पुर्ने काम भएको देखिदैन । साथै उक्त योजनामा आवाश्यक पाइप तथा फिटिङ्गस खानेपानी कार्यालयले उपलब्ध गराएको भनि पालिकाले जानकारी गराएकोमा खानेपानि कार्यालयले पाइप तथा फिटिङ्गस मात्र उपलब्ध गराएको हो वा सिभिल वर्क समेत सम्पूर्ण गराएको थियो दुइ निकायबिच पत्राचार तथा समन्वय भएको नदेखिएको हुदाँ दोहोरो भुक्तानि नभएको र पाइप जडान भएको प्रमाण पेश हुनुपर्ने अन्यथा उपभोक्तालाइ भुक्तानि भएको रकम रु १८८४१७।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु................................ | १८८,४१७ |
| ५३ | | | **ने रा मा बि अगैयालाइ नापी भन्दा बढि भुक्तानि** | ५४,१९५ |

**ने रा मा बि अगैयालाइ नापी भन्दा बढि भुक्तानि** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्नेव्यवस्था रहेको छ। वडा नं २ नेपाल राष्ट्रिय मा बि अगैयाको अधुरो छात्राबास निर्माण गर्न उपभोक्ताको योगदान ५.५८ प्रतिशत समेत कुल रु ११३०००६।०० को लागत तयार गरि प्राबिधिक मूल्यांकन रु ११३०००६।०० भइ गो भौ नं ४१६।२०७९।३।२५ बाट रु १०६७०००।०० भुक्तानि भएकोमा देहायका आइटमहरुमा नापी किताबको परिमाण भन्दा बढि परिमाणको भुक्तानि भएको हुदाँ बिद्यालयलाइ योगदान कट्टा गरि रु ५४१९५।०० असुल हुनुपर्ने रु

| आइटम नं | आइटम नाम र इकाइ | भुक्तानि भएको परिमाण | नापी भएको परिमाण | बढि भुक्तानि भएको परिमाण | भुक्तानि दर | बढि भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| १ | Non glazed Tile – Sqm | २१.७७ | ६.५० (७० स्क्यार फिट ) | १५.२७ | २३६०।२५ | ३६०४१ |
| ३ | Railing- Rm | ८३.५६ | ४८.५६ | ३५ | ६१०।२० | २१३५७ |
| | **जम्मा** | | | | | **५७३९८** |

५४ **अनुगमन समितिको प्रतिबेदन र प्राबिधिक मूल्यांकन बिच फरक सम्बन्धमा** १,०७९,२२०

**अनुगमन समितिको प्रतिबेदन र प्राबिधिक मूल्यांकन बिच फरक सम्बन्धमा** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्नेव्यवस्था रहेको छ। वडा नं ६ को खल्ला टेपरी सिंचाई निर्माण गर्न उपभोक्ताको योगदान ६.७५ प्रतिशत समेत कुल रु ३९६७७८६।०० को लागत तयार गरि प्राबिधिक मूल्यांकन रु ३१९५४४०।०० भइ गो भौ नं ३७६।२०७९।३।२१ बाट रु २५०००००।०० भुक्तानि भएकोमा उपभोक्ताले पेश गरेको बिल भरपाइहरु चालु आर्थिक वर्ष २०७८।७९ को मितिको बिल भरपाइ रहेको तथा उपभोक्ता समितिसँग मिति २०७९।३।१५ गतेसम्म सम्पन्न गर्ने गरि मिति २०७८।१२।२१ गते सम्झौता भएको देखिन्छ। तर वडा नं ६ को वडा कार्यालयले सो योजना गत आर्थिक वर्ष २०७७।७८ को मिति २०७८ आषाढमा सम्पन्न भएको व्यहोरा उल्लेख एक वर्ष अगाडि भएको कामको सिफारिस च नं १८९८ मिति २०७९।१।६ गते गरेको एवम गाउँपालिका स्तरिय अनुगमन सिमितिले अनुगमन वडाको सिफारिस अनुसार काम भएको एक वर्ष पश्चात मिति २०७९।२।७ गते गरि भएको कामको बिबरण उल्लेख गरेको पाइयो। उपभोक्ता समितिले प्राबिधिक मूल्यांकनको आधारमा दरबिश्लेषण अनुसार खरिद गरिएका सामानहरुको बिल भरपाइ तथा डोर हाजिर पेश नगरेको जस्तै माटो खरिद भन्दा माटोको ढुवानीको भरपाइ बढिको पेश गरेको तथा बास्तबमा लाग्ने ज्यामी अनुसारको ज्यामि ज्याला घटि बढि पेश गरेको आदि कारणले प्राबिधिक मूल्यांकन अनुसार उपभोक्ता समितिले पेश गरेको बिल बिजक र भरपाइ बिच सामान्जस्यता मिलेको पाइएन। यसरि प्राबिधिक कर्मचारी समेत रहेको उपाध्यक्ष सहितको अनुगमन टोलिले फिल्डमा भएको कामको परिमाण समेत उल्लेख गरि दिएको भन्दा बढि हुने गरि पालिकाले निर्माण कामको नापी गरि देहाय अनुसार भुक्तानि दिएकोमा बढि भुक्तानि हुन गएको रकम पालिकाले यकिन गरि थप असुल हुनुपर्ने रकम उपभोक्ताबाट फिर्ता प्राप्त गर्नुपर्ने देखिन्छ। तसर्थ पालिकाको उपाध्यक्ष र ईन्जिनियर समेत रहेको अनुगमन समितिले मिति २०७९।२।७ गते फिल्डमा अनुगमन गरि दिएको परिमाण भन्दा बढि परिमाणमा नापजाँच गरि उपभोक्तालाइ देहाय अनुसार भुक्तानि दिएको पाइएकोले पालिकाले बास्तबिकता के भएको हो यकिन गरि बढि भुक्तानि हुन नगएको भए पुष्ट्याइ र प्रमाण सहित नियमित गर्नुपर्ने अन्यथा बढि भुक्तानि भएको रकम रु १०७९२२०।०० असुल हुनुपर्ने रु.........................

**नापी किताब तथा प्राबिधिक मूल्यांकन अनुसार भुक्तानि भएको बिबरण**

| आइटम नं | आइटमको नाम | संख्या | लम्बाइ | चौडाइ | उचाइ | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १.१ | पहिलो क्यानल | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अर्थ फिलिङ्ग | १ | ११० | २२ | २.६ | ६२९२ | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | १२० | १० | ०.८ | ९६० | | |
| | बटममा फिलिङ्ग | २ | १२० | ३.०८ | १.२ | ८८५.६ | | |
| १.२ | दोश्रो क्यानल | | | | | | | |
| | अर्थ फिलिङ्ग | १ | १६ | १२ | २.६ | ४९९ | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | १६ | १० | ०.७ | ११२ | | |
| | बटममा फिलिङ्ग | २ | १६ | ३.०८ | १.३ | १२७.९२ | | |
| १.३ | तेश्रो क्यानल | | | | | | | |
| | अर्थ फिलिङ्ग | १ | ५६ | ११ | २.६ | १६०१.६ | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | ५६ | १० | ०.६ | ३३६ | | |
| | बटममा फिलिङ्ग | २ | ५६ | ३.०८ | १.४ | ४८२.१६ | | |
| | कुल अर्थ फिलिङ्ग | | | | | ११२९६.४८ | २८०.४४ | ३१६७९८४ |

**गाउँपालिका उपाध्यक्ष एवम प्राबिधिक कर्मचारी सहितको अनुगमन समितिबाट दिएको प्रतिबेदन अनुसार भुक्तानि हुनुपर्ने बिबरण**

| आइटम नं | आइटमको नाम | संख्या | लम्बाइ | चौडाइ | उचाइ | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १.१ | पहिलो क्यानल | | | | | | | |
| | अर्थ फिलिङ्ग | १ | ११७ | १० | २.६ | ३०४२ | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | ११७ | १० | ०.८ | ९३६ | | |
| | बटममा फिलिङ्ग | २ | ११७ | ३.०८ | १.२ | ८६४.८६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | दोश्रो क्यानल | | | | | | | |
| | अर्थ फिलिङ्ग | १ | १४ | १० | २.६ | ३६४ | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | १४ | १० | ०.७ | ९८ | | |
| | बटममा फिलिङ्ग | २ | १४ | ३.०८ | १.३ | ११२.११ | | |
| १.३ | तेश्रो क्यानल | | | | | | | |
| | अर्थ फिलिङ्ग | १ | ५० | १० | २.६ | १३०० | | |
| | ग्राउण्डमा फिलिङ्ग | १ | ५० | १० | ०.६ | ३०० | | |
| | बटममा फिलिङ्ग | २ | ५० | ३.०८ | १.४ | ४३१.२ | | |
| | कुल अर्थ फिलिङ्ग | | | | | ७४४८.१७ | २८०.४४ | २०८८७६४ |
| | अनुगमन प्रतिबेदन भन्दा बढि | | | | | ३८४८.३१ | २८०.४४ | १०७९२२० |

५५ **म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि निर्माण** ५१,४४०

**म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि निर्माण** M— **:-वडा नं ८ को** म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली निर्माण गर्न उपभोक्ता समितिको योगदान ७.३९ प्रतिशत समेत कुल रु ४३९९१७७।०० को लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग मिति २०७८।६।११ मा सम्झौता गरि निर्माण कामको प्राबिधिक मूल्यांकन रु ४४३९१४६।०० भए अनुसार उपभोक्ता समितिलाइ गो भौ नं १३३।२०७८।१०।२० बाट रु ४०७४०००।०० भुक्तानि दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन।

(१) **उपभोक्ता समिति गठन र पेश्कि सम्बन्धमा** M— पालिकाको सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा वडा नं ८ मा म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली निर्माण गर्न मिति २०७८।५।२४ मा भेला गरेकोमा भेलामा सहभागि २० जना मात्र भएकोले उपभोक्ताबाट काम गराउन लाभग्राहीहरुको धैरै उपस्थिति हुनुपर्नेमा कम उपस्थिति भएकोले उक्त काम उपभोक्ताबाट गराउन लाभग्राहीहरुको चासो भएको देखिएन। साथै उपभोक्ता गठनको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर उल्लेख गरेको देखिएन। साथै उपभोक्ता समितिसँग मिति २०७८।६।११ मा गरिएको सम्झौतामा उपभोक्तालाइ पेश्कि दिने प्राबधान नभएको अवस्थामा पालिकाले गो भौ नं १८।२०७८।७।१० बाट रु ८०००००।०० पेश्कि दिएकोले सम्झौतामा पेश्कि दिने उल्लेख नभएकोमा पेश्कि दिइनु उचित देखिएन।

यसमा सुधार हुनुपर्दछ।

| | | | | |
|---|---|---|---|---|
| | | | (२) **निर्माण कामको चेनेज नं नखुलाएको र अनुगमन सम्बन्धमा** M— स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा उपाध्यक्षको कार्य बिभाजन अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरि सो को प्रतिबेदन बैठकमा पेश गर्ने उल्लेख भएको छ । वडा नं ८ मा म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली निर्माणको काम उपभोक्ता समितिबाट गराइ प्राबिधिक मूल्यांकन रु ४४३९१४६।०० भए अनुसार उपभोक्ता समितिलाइ गो भौ नं १३३।२०७८।१०।२० बाट रु ४०७४०००।०० भुक्तानि दिएकोमा उक्त कामको अनुगमन समितिले मिति २०७८।९।३० मा अनुगमन गरेकोमा अनुगमन प्रतिबेदनमा खुलाउनुपर्ने योजनासँग सम्बन्धित लागत अनुमान,सम्झौता रकम,काम भएको परिमाण, काम भएको चेनेज नं लगायतको बिबरण एवम अनुगमनबाट देखिएको व्यहोरा तथा भुक्तानिको लागि सिफारिस उल्लेख नगरि प्रतिबेदन दिएको पाइएकोले यसमा सुधार हुनुपर्ने देखिन्छ। उक्त कामको लागि तयार भएको लागत अनुमान र नापी किताब लगायतको प्राबिधिक मूल्यांकनमा चेनेज नं नखुलाएको नापी किताबमा नालीको काम एकमुष्ट ११०० मिटर उल्लेख गरेको पाइएकोले कुन चेनेज देखि कति चेनेजसम्म काम भएको हो स्पष्ट गरेको छैन । यसरि उक्त सडकमा नाली र ग्राभेलको काम लाल बहादुर डाँगि अध्यक्ष रहेको अर्को उपभोक्ता समितिसँग मिति २०७८।९।११ मा सम्झौता गरि पक्कि नाली र ग्राभेलको काम गराइ रु १४६१८४२।०० भुक्तानि दिएकोमा सो उपभोक्ता समितिले गरेको नालीको कामको समेत चेनेज नं नखुलाएको कारण दुबै उपभोक्ताले गरेको नालीको कामको चेनेज नं उल्लेख नगरेको कारण काममा दोहोरोपना भएन भन्न सकिने अवस्था देखिएन। यस सम्बन्धमा पालिकाले यकिन गरी दोहोरो भएको भए सम्बन्धितबाट असुल गर्नुपर्दछ।<br><br>(३) **उपभोक्तालाइ बढी दररेटमा भुक्तानि** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं ८ मा म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली निर्माणको काम उपभोक्ता समितिबाट गराइ प्राबिधिक मूल्यांकन रु ४४३९१४६।०० भए अनुसार उपभोक्ता समितिलाइ गो भौ नं १३३।२०७८।१०।२० बाट रु ४०७४०००।०० भुक्तानि दिएको छ। आइटम नं १ को अर्थवर्क एक्जाभेशनको काम २३२.१३ घ मि को प्रति घ मि रु ३०३.८५ को दरले रु ७०५३१।०० भुक्तानि दिएकोमा सो काम मेशिनबाट खन्ने दर रु ६४।५६ भएकोले मेशिनबाट खन्ने दरले रु १४९८६।०० मात्र हुनेमा उपभोक्तालाइ रु ५५५४५।०० बढि भुक्तानि भएकोले उपभोक्ताको योगदान ७.३९ प्रतिशत कट्टा गरि रु ५१४४०।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु ........... | |
| ५६ | | | **म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि तथा ग्राभेल**<br><br>**म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि तथा ग्राभेलM— :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्ता-टुक्ता पारी निर्माण काम गर्न नहुने एवम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा निर्माण काम गराउदाँ प्रतिस्पर्धात्मक बिधिबाट मितव्ययि रुपमा योजनाहरु कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको वडा नं ८ स्थित महेन्द्र राजमार्ग देखि सहु टोल जोड्ने बाटोमा पक्कि नाली तथा स्तरोन्नतीको लागि रु ६००००००।०० बजेट बिनियोजन भएकोमा पालिकाले ऐन तथा नियम अनुसार एकै पटक प्रतिस्पर्धात्मक बिधिबाट मितव्ययि रुपमा गराउनुपर्नेमा सो बजेटलाइ टुक्रा पारी दुइ वटा उपभोक्ता समितिहरु रुद्रसिंह थापा अध्यक्ष रहेको उपभोक्ता समितिसँग मिति २०७८।६।११मा सम्झौता गरि पक्कि नालि निर्माण गराइ गो भौ नं १३३।२०७८।१०।२० बाट रु ४०७४०००।०० र लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिसँग मिति २०७८।९।११ मा सम्झौता गरि पक्कि नाली र ग्राभेलको काम गराइ गो भौ नं २५८।२०७९।२।१० बाट रु १४६१८४२।०० भुक्तानि दिएको पाइयो। पालिकाले एउटै योजनालाइ एउटै उपभोक्ता समितबाट निर्माण काम गराउनुपर्नेमा दुइ वटा उपभोक्ता समिति गठन गरि काम गराउनुको कारण खुलाएको छैन। यसरि दुइ वटा उपभोक्ता समितिबाट एउटै सडकमा काम गराउदा दोहोरोपना हुन सक्ने तर्फ पालिकाले ध्यान दिएको तथा नियम बिपरित एउटा योजनालाइ टुक्रा पारि दुइ उपभोक्ता समितिबाट गराइ रु ५५३५८४२।०० भुक्तानि दिएको नियमसम्मत देखिएन। यसरि यस योजना उपभोक्ता समितिबाट गराउदा देखिएका व्यहोराहरु निम्नानुसार छन। | |
| ५७ | | | **म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि तथा ग्राभेल निर्माण**<br><br>**म रा म देखि साहु टोल जोड्ने सडकमा पक्की नालि तथा ग्राभेल निर्माण M— :-वडा नं ८ को** म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली तथा ग्राभेल निर्माण गर्न उपभोक्ता समितिको योगदान ५.३६ प्रतिशत समेत कुल रु १९०१८९६।०० को लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग मिति २०७८।९।१ मा सम्झौता गरि निर्माण कामको प्राबिधिक मूल्यांकन रु १६१७७३८।०० भए अनुसार उपभोक्ता समितिलाइ गो भौ नं २५८।२०७९।२।१० बाट रु १४६१८४२।०० भुक्तानि दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन। | ३२,८४० |

| | | | | |
|---|---|---|---|---|
| | | | (१) **उपभोक्ता समिति गठन सम्बन्धमा M—** पालिकाको सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा वडा नं ८ मा म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली तथा ग्राभेल निर्माण गर्न मिति २०७८।८।१९ मा भेला गरेकोमा भेलामा सहभागि २४ जना मात्र भएकोले उपभोक्ताबाट काम गराउन लाभग्राहीहरुको धैरै उपस्थिति हुनुपर्नेमा कम उपस्थिति भएकोले उक्त काम उपभोक्ताबाट गराउन लाभग्राहीहरुको चासो भएको देखिएन । साथै उपभोक्ता गठनको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर उल्लेख गरेको देखिएन । उक्त भेलाबाट ७ सदस्यिय उपभोक्ता समिति गठन गरेकोमा लाल बहादुर डाँगि उपभोक्ता समितिको अध्यक्षमा चयन गरेको र उपभोक्ता समितिको अध्यक्षको दस्तखत उपभोक्ता भेला, बैठकको माइन्यूट र सम्झौतामा फरक फरक देखिएको कारण उपभोक्ता समिति गठनको आधिकारिकताको सम्बन्धमा यकिन गर्न नसकिएको कारण पालिकाले यस सम्बन्धमा यकिन गरि बास्तबिकताको सम्बन्धमा पुष्ट्याइ र प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।<br><br>(२) **उपभोक्ता समितिबाट जनश्रमदान कम कट्टा भएको —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समाबेश गर्ने एवम सोहि नियमको उपनियम ४ मा त्यस्तो रकमहरु कट्टा गरेर मात्र उपभोक्ता समितिलाइ भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिहरुबाट निर्माण काम गराउदा समान किसिमले जनश्रमदान गराउनुपर्नेमा फरक फरक प्रतिशतले गराएको पाइएकोले एउटै प्रतिशतको दरले जनश्रमदान गराउनुपर्ने देखिन्छ । **वडा नं ८ को** म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली निर्माण गर्न रुद्रसिंह थाप अध्यक्ष रहेको उपभोक्ता समितिबाट काम गराउदा उपभोक्ताको योगदान ७.३९ प्रतिशत हुने गरि गराएकोमा सोहि सडकमा लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिले नाली तथा ग्राभेलको काममा २.०३ प्रतिशत कम हुने गरि ५.३६ प्रतिशत मात्र जनश्रमदान गराएकोले लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिबाट भएको कामको प्राबिधिक मूल्यांकन रु १६१७७३८।०० भए अनुसार नपूग जनश्रमदान २.०३ प्रतिशतले हुने रु ३२८४०।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु……… | |
| ५८ | | | **एउटै चेनेजमा काम गरि भुक्तानि भएको**<br><br>**एउटै चेनेजमा काम गरि भुक्तानि भएको —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ । **वडा नं ८ को** म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली तथा ग्राभेल कामको प्राबिधिक मूल्यांकन रु १६१७७३८।०० भए अनुसार लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिलाइ गो भौ नं २५८।२०७९।२।१० बाट रु १४६१८४२।०० भुक्तानि दिएकोमा लागत अनुमान नापी किताब तथा प्राबिधिक मूल्यांकनमा ग्राभेल गरेको चेनेज नं उल्लेख भएको भएतापनि पक्की नाली निर्माण गरेको चेनेज नं खुलाएको छैन । सो सडकमा रुद्रसिंह थापा अध्यक्ष रहेको उपभोक्ता समितिसँग मिति २०७८।६।११ मा सम्झौता गरि काम गरेको चेनेज नखुलाएकोमा ११०० मिटर पक्की नाली निर्माण गरि गो भौ नं १३३।२०७८।१०।२० बाट रु ४०७४०००।०० भुक्तानि भइसकेको अवस्थामा पुन लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिसँग मिति २०७८।९।१ मा सम्झौता गरि पक्की नाली निर्माणमा रु १६५८७५।०० र ग्राभेलमा रु १४५१८६०॥ गरि कुल रु १६१७७३५।०० को प्राबिधिक मूल्यांकन भएकोले उपभोक्ता समितिलाइ गो भौ नं २५८।२०७९।२।१० बाट रु १४६१८४२।०० भुक्तानि भएकोमा पक्की नाली निर्माण भएको चेनेज नखुलाएको र सो सडकमा अघिल्लो उपभोक्ता समितिबाट पक्की नालीको काम भइसकेको अवस्थामा पुन लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिलाइ पक्की नाली निर्माण वापत रु १६५८७५।०० भुक्तानिको सम्बन्धमा दोहोरो भएको छैन भन्न सकिने अवस्था नभएको तथा अनुगमन समितिले मिति २०७९।२।९ मा अनुगमन गरेकोमा अनुगमन प्रतिबेदनमा खुलाउनुपर्ने बिबरण तथा देखिएका व्यहोराहरु समेत नखुलाएको कारण पालिकाले बास्तबिकता यकिन गरि दोहोरो नभएको भए पुष्ट्याइ र कागजात सहित प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट उपभोक्ताको योगदान ५.३६ प्रतिशत कट्टा गरि रु १५६९८४।०० असुल हुनुपर्ने रु………. | १५६,९८४ |
| ५९ | | | **सुनटेपरी टोलमा माटो पटान तथा ग्राभेल**<br><br>**सुनटेपरी टोलमा माटो पटान तथा ग्राभेल—** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं ५ को सुनटेपरी टोलमा माटो पटान तथा ग्राभेल गर्ने कामको लागि उपभोक्ताको योगदान ५ प्रतिशत समेत कुल रु १०२१३६९।०० को लागत अनुमान तयार भए अनुसार प्राबिधिक मूल्यांकन रु १०१५२६०।०० भइ गो भौ नं २५२।२०७९।१।२३ बाट रु ९६३८९१।०० भुक्तानि भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन । | १९,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | **सुनटेपरी टोल उपभोक्तालाइ बढि भुक्तानि —** वडा नं ५ को सुनटेपरी टोलमा माटो पटान तथा ग्राभेल गर्ने कामको प्राबिधिक मूल्यांकन रु १०१५२६०।०० भइ गो भौ नं २५२।२०७९।१।२३ बाट रु ९६३८९१।०० भुक्तानिमा आइटम नं २ मा ३०५ मिटर स्करिफायिङ्ग वापत रु २९८४७।०० प्राबिधिक मूल्यांकन तथा भुक्तानि भएको अवस्थामा एकै प्रकृतिको कामको लागि आइटम नं १ मा साइट क्लिरिएन्स वापत रु २००००।०० समेत भुक्तानि भएकोले समान कामको लागि दुइ वटा आइटमबाट भुक्तानि हुनु दोहोरो भएकोले साइट क्लिरिएन्स वापत भुक्तानि दिएको रकममा उपभोक्ताको योगदान कट्टा गरि रु १९०००।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु................... | |
| ६० | | | **उपभोक्ता समितिलाइ फर्मा वापत बढि भुक्तानि भएको**<br><br>**उपभोक्ता समितिलाइ फर्मा वापत बढि भुक्तानि भएको—** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं ८ को म रा म देखि सहु टोल जोड्ने सडकमा पक्की नाली तथा ग्राभेल कामको प्राबिधिक मूल्यांकन रु १६१७७३८।०० भए अनुसार लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिलाइ गो भौ नं २५८।२०७९।२।१० बाट रु १४६१८४२।०० भुक्तानि दिएको छ। आइटम नं ८ को फर्माको कामको लागि प्रति व मि रु ७२४.३५ को दरले ५०.४० ब मि को रु ३६५०७।०० मूल्यांकन भइ भुक्तानि दिएकोमा पक्की नाली निर्माण गर्न रुद्रसिंह थापा अध्यक्ष रहेको अर्को उपभोक्ता समितिबाट काम गराउदा फर्माको प्रति ब मि रु ३६२.१८ को दरले भुक्तानि दिएकोले लाल बहादुर डाँगि अध्यक्ष रहेको उपभोक्ता समितिलाइ प्रति ब मि रु ३६२।१७ को दरले ५०.४० ब मि को रु १८२५३।०० बढि भुक्तानि भएकोले उपभोक्ताको योगदान ५.३६ प्रतिशत कट्टा गरि रु १७२७४।०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.......... | १७,२७४ |
| ६१ | | | **सुनटेपरी टोलमा माटो पटान र ग्राभेलतथा नाली निर्माण**<br><br>**सुनटेपरी टोलमा माटो पटान र ग्राभेलतथा नाली निर्माण— :-**सार्वजनिक खरिद ऐन २०६३को दफा ८(२) मा सार्वजनिक निकायले निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी निर्माण काम गर्न नहुने एवम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा निर्माण काम गराउदाँ प्रतिस्पर्धात्मक बिधिबाट मितव्ययि रुपमा योजनाहरु कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ।वडा नं ५ को सुनटेपरी टोलमा माटो पटान र ग्राभेल तथा नाली निर्माण गर्नको लागि रु २८५००००।०० बजैट बिनियोजित भएकोमा पालिकाले ऐन तथा नियम अनुसार एकै पटक प्रतिस्पर्धात्मक बिधिबाट मितव्ययि रुपमा निर्माण काम गराउनुपर्नेमा सो बजेटलाइ टुक्रा पारी तिन वटा उपभोक्ता समितिहरु क्रमश: पक्की नाली निर्माणको लागि उपभोक्ता समितिसँग मिति २०७८।६।२० सम्म सम्पन्न गर्ने गरि मिति २०७८।५।१६ मा सम्झौता गरि काम गराइ गो भौ नं २५।२०७८।७।१४ बाट रु ८३१३८७।००, पक्की नाली निर्माण गर्न मिति २०७८।६।२५ सम्म सम्पन्न गर्ने गरि मिति २०७८।५।१६ मा सम्झौता गरि काम भए अनुसार गो भौ नं ९।२०७८।६।१८ बाट रु ८७३०००।०० र माटो पटान तथा ग्राभेलको काम गर्न मिति २०७९।३।१५ सम्म सम्पन्न गर्ने गरि मिति २०७८।१२।७ मा सम्झौता गरि काम भए अनुसार गो भौ नं २५२।२०७९।१।२३ बाट रु ९६३८९१।०० भुक्तानि भइ उक्त योजनाको लागि कुल रु २६६८२७८।०० उपभोक्ता समितिलाइ भुक्तानि भएकोले ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक बिधिबाट निर्माण काम नगरि टुक्रा पारि ३ वटा उपभोक्ता समितिबाट गराएको नियमसम्मत देखिएन। यस सम्बन्धि देखिएका व्योराहरु निम्नानुसार छन।<br><br>**उपभोक्तालाइ बढी दररेटमा भुक्तानि** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं ५ को सुनटेपरी टोलमा पक्की नाली निर्माण गर्न उपभोक्ताको योगदान ५.२१ प्रतिशत समेत कुल रु ९२१००४।०० को लागत अनुमान भएको कामको लागि मिति २०७८।५।१६ मा सम्झौता गरि काम भइ प्राबिधिक मूल्यांकन रु ९२१३९८।०० भए अनुसार उपभोक्ता समितिलाइ गो भौ नं ९।२०७८।६।१८ बाट रु ८७३०००।०० भुक्तानि भएको पाइयो। यसरी उपभोक्तालाइ भुक्तानि भएको बिभिन्न आइटमहरु मध्ये आइटम नं ३ मा पि सि सि एम १५ को १:२:४ को कामको ४२.७२ घ मि को प्रति घ मि रु ११६१९।४५ को दरले रु ४९६३८२।०० भुक्तानि दिएकोमा सोही सडकमा नाली निर्माण गरेको अर्को उपभोक्ता समितिले मिति २०७८।६।२० सम्म सम्पन्न गर्नको लागि मिति २०७८।५।१६ मा सम्झौता गरेको र निर्माण कामको गो भौ नं २५।२०७८।७।१४ बाट रु ८३१३८७।०० भुक्तानि दिएको मध्ये पि सि सि एम १५ को १:२:४ को कामको प्रति घ मि रु १०६०१।४४ को दरले भुक्तानि भएको हुदाँ यस निर्माण कामको सो आइटममा प्रति घ मि रु १०१८।०० को दरले ४२.७२ घ मि को उपभोक्ताको योगदान कट्टा गरि रु ४१२२३।०० बढि भुक्तानि भएको असुल हुनुपर्ने रु............................ | ४१,२२३ |
| ६२ | | | **सुनटेपरी टोल उपभोक्तालाइ नापी बिना भुक्तानि भएको** | १७३,८१० |

| | | | | |
|---|---|---|---|---|
| | | | **सुनटेपरी टोल उपभोक्तालाइ नापी बिना भुक्तानि भएको —** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं ५ को सुनटेपरी टोलमा माटो पटान तथा ग्राभेल गर्ने कामको प्राबिधिक मूल्यांकन रु १०१५२६०।०० भइ गो भौ नं २५२।२०७९।१।२३ बाट रु ९६३८९१।०० भुक्तानि दिएकोमा आइटम नं २ मा ३०५ मिटर स्करिफायिङ्गको काम गरेको नापी तथा प्राबिधिक मूल्यांकन पेश भएकोमा आइटम नं ३ मा अर्थ फिलिङ्ग ३०५ मिटर र थप १७५ मिटर र आइटम नं ४ मा सबबेशको काम ३०५ मिटर र थप १७५ मिटर गरेको जनाइ भुक्तानि भएकोले नापी किताब तथा प्राबिधिक मूल्यांकनमा चेनेज नं खुलाइ बिस्तृत नापी नगरि एकमुष्ट प्राबिधिक मूल्यांकनको आधारमा भुक्तानि भएको छ। स्करिफायिङ्गको काम ३०५ मिटर मात्र भए अनुसार सोहि अनुसार अर्थ फिलिङ्ग तथा सबबेशको काम भइ प्राबिधिक मूल्यांकन हुनुपर्नेमा सो भन्दा बढि १७५ मीटर बढि काम भएको जनाइ बिस्तृत नापी बिना आइटम नं ३ मा अर्थ फिलिङ्ग १७५ मिटरको १५७.५० घ मि को प्रति घ मि रु ३९३।७३ को दरले रु ६२०१२।०० र आइटम नं ४ मा सबबेश १७५ मिटरको १०५ घ मि को प्रति घ मि रु ११५१।८७ को दरले रु १२०९४६।०० गरि जम्म रु १८२९५८।०० उपभोक्तालाइ बढि प्राबिधिक मूल्यांकन भइ उपभोक्तालाइ बढि भुक्तानि हुन गएको पाइएको हुदाँ पालिकाले यस सम्बन्धमा के भएको हो बास्तबिकता यकिन गरि बढि भुक्तानि नभएको भए पुष्ट्याइ र आबाश्यक कागजात सहित प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट उपभोक्ताको योगदान ५ प्रतिशत कट्टा गरि रु १७३८१०।०० असुल हुनुपर्ने रु................... | |
| ६३ | | | **वडा नं ९ मा सिंचाई बोरिङ्ग जडान सम्बन्धमा**<br><br>**वडा नं ९ मा सिंचाई बोरिङ्ग जडान सम्बन्धमा** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्नेव्यवस्था रहेको छ। पालिकाको वडा नं ९ मा ७५ प्रतिशत अनुदानमा सिंचाइ बोरिङ्ग जडान गर्ने कार्यक्रम अनुसार उपभोक्ता समितिबाट गराउनको लागि उपभोक्ताको योगदान ७.५० समेत कुल लागत अनुमान रु ९४३९५५।०० तयार भइ काम भए अनुसार प्राबिधिक मूल्यांकन रु ५१३९५६।०० भए अनुसार उपभोक्ताकव श्रमदान १६.३३ प्रतिशत कट्टा गरि गो भौ नं ३२२।२०७९।३।६ बाट रु ४३००००।०० भुक्तानि दिएको पाइयो। यसरी सिंचाइ वोरिङ्ग जडान गरेकोमा ज्यामी ज्याला नमर्स अनुसार तयार नगरि लमसममा समाबेश गरेको कारण बढि भुक्तानि हुन सक्ने भएकोले बढि भुक्तानि भएको भए पालिकाले यकिन गरि असुल गर्नुपर्दछ। बोरिङ्ग जडान ६ स्थानमा भएको नापी गरि भुक्तानी दिएकोमा नापी किताब तथा प्राबिधिक मूल्यांकनमा बोरिङ्ग जडान कहाँ भएको थियो नापी किताबमा समेत नखुलाएको हुदाँ उक्त कामको सम्बन्धमा यकिन हुन सकिएन। साथै बोरिङ्गको लागि आबाश्यक पर्ने मुख्य सामानहरु पम्प र मिटर बक्स खरिद तथा जडान भएको प्राबिधिक मूल्यांकनमा नभएको सो काम अधुरो भइ उद्वेश्य अनुरुप संचालन हुने देखिदैन। यस सम्बन्धमा देखिउका मुख्य देहाय अनुसार पाइयो।<br><br>**(१) सिंचाई बोरिङ्ग जडान उ स बाट अनुदान कम कट्टा भएको**M— पालिकाको वडा नं ९ मा ७५ प्रतिशत अनुदानमा सिंचाइ बोरिङ्ग जडान गर्ने कार्यक्रम अनुसार उपभोक्ता समितिबाट गराइ प्राबिधिक मूल्यांकन रु ५१३९५६।०० भए अनुसार ७५ प्रतिशतले रु ३८५४६७।०० भुक्तानि दिनुपर्नेमा गो भौ नं ३२२।२०७९।३।६ बाट रु ४३००००।०० भुक्तानि दिइ कार्यक्रम भन्दा रु ४४५३३।०० बढि दिएको रकम असुल हुनुपर्ने रु.......... | ४४,५३३ |
| ६४ | | | **सिंचाई बोरिङ्ग जडान उ स लाइ बिबिध रकम भुक्तानि**<br><br>**सिंचाई बोरिङ्ग जडान उ स लाइ बिबिध रकम भुक्तानि** M— पालिकाको वडा नं ९ मा ७५ प्रतिशत अनुदानमा सिंचाइ बोरिङ्ग जडान गर्ने कार्यक्रम अनुसार उपभोक्ता समितिबाट गराइ प्राबिधिक मूल्यांकन रु ५१३९५६।०० भए अनुसार गो भौ नं ३२२।२०७९।३।६ बाट रु ४३००००।०० भुक्तानि दिएकोमा लागत अनुमान तथा प्राबिधिक मूल्यांकन अनुसार पाइप तथा फिटिङ्गसका सामाग्रिहरु समाबे गरि भुक्तानि दिइ सकेको अवस्थामा मूल्यांकनमा बिबिध सामाग्री वापत रु १५०००।०० भुक्तानि दिएकोले उक्त रकम भुक्तानि दिन मिल्ने नदेखिएको रु................ | १५,००० |
| ६५ | | | **वडा नं ९ को बिभिन्न टोलमा स्यालो ट्यूबेल जडान सम्बन्धमा**<br><br>**वडा नं ९ को बिभिन्न टोलमा स्यालो ट्यूबेल जडान सम्बन्धमा** M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं ९ को बिभिन्न टोलमा ३ वटा स्यालो ट्यूबेल जडान गर्ने कामको लागि रु ३५००००।०० बजेट बिनियोजन भएकोमा पालिकाले एउटा स्यालो ट्यूबेल जडान गरि प्राबिधिक मूल्यांकन रु ३२२५८४।०० भए अनुसार गो भौ नं २६०।२०७९।२।१० बाट रु ३०२५०२।०० भुक्तानि दिएको पाइन्छ। यसरी स्यालो ट्यूबेल जडान गरेकोमा ज्यामी ज्याला नमर्स अनुसार तयार नगरि लमसममा समाबेश गरेको कारण बढि भुक्तानि हुन सक्ने भएकोले बढि भुक्तानि भएको भए पालिकाले यकिन गरि असुल गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार उल्लेख गरिनुको साथै स्विकृत कार्यक्रममा वडा नं ९ को बिभिन्न टोलमा ३ वटा स्यालो ट्यूबेल जडान गर्ने रहेकोमा सम्पूर्ण बजेट खर्च हुने गरि उपभोक्ताबाट काम गर्न | २०१,६६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असमन्धित आइटम तथा दररेट अनुसार लागत अनुमान तयार गरि एउटा मात्र स्यालो ट्यूबेल निर्माण गरि उपभोक्तालाइ रु ३०२५०२।०० दिएकोले पालिकाले यकिन गरि नमर्स भन्दा बढि मूल्यांकन तथा भुक्तानि भएको रकम असुल गरि निर्माण नभएको २ वटा स्यालो ट्यूबेलको रकम भुक्तानिको आधारमा रु २०१६६८।०० दामासाहीले नियमित गर्नुपर्ने देखिएको रु | |
| ६६ | | | **वडा नं ९ को बिभिन्न टोलमा स्यालो ट्यूबेल जडानको बिल भरपाइ पेश नभएको**<br><br>**वडा नं ९ को बिभिन्न टोलमा स्यालो ट्यूबेल जडानको बिल भरपाइ पेश नभएको** M— आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेखांकन गर्नु अघि त्यस्तो रकम भुक्तानि दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। वडा नं ९ को बिभिन्न टोलमा ३ वटा स्यालो ट्यूबेल जडान गर्ने कार्यक्रम अन्तर्गत एउटा स्यालो ट्यूबेल जडान गरि प्राबिधिक मूल्यांकन रु ३२२५८४।०० भए अनुसार गो भौ नं २६०।२०७९।२।१० बाट रु ३०२५०२।०० भुक्तानि दिएकोमा एउटा मिटर बक्स वापत रु २००००।०० भुक्तानि दिएकोमा सो मिटर बक्सको बिल भरपाइ पेश नभएको तथा एउटा मिटर बक्सको मूल्य रु २००००।०० बिद्युत प्राधिकरणको प्रचलित मूल्य दररेट अनुसार बढि देखिएको हुदाँ बढि दर भुक्तानि भएको रकम असुल गरि बाँकि रकमको बिल बिजक पेश हुनुपर्ने रु**..............** | | २०,००० |
| ६७ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br><br>**<u>उपभोक्ता समिति मार्फत कार्य</u>**<br><br>**उपभोक्ता समिति दर्ता—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्तासमितिऐनकोउक्तव्यवस्थाअनुसारदर्ताभएकोपाइएन।त्यस्तासमितिहरुस्थानीयस्तरमासञ्चालितआयोजनाकोनिर्माणगर्नअस्थायीरुपमागठनहुनेरकार्यसम्पन्नपश्चात्समितिविघटनहुनेहुँदानिर्माणकार्यसम्पन्नभएकाआयोजनासञ्चालनतथामर्मतसम्भारमातीसमितिलाईजिम्मेवारबनाउनकठिनाइहुनेरत्यस्तासमितिहरुलेआयव्ययकोलेखापरीक्षणसमेतनगराउनेभएकोलेस्थायीसंयन्त्रमार्फत्कामगर्ने, गराउनेगरीसुधारहुनुपर्दछ। पालिकाबाट पेश भएको बिबरण अनुसार नमूना छनौटको आधारमा परिक्षण गर्दा उपभोक्ता समिति मार्फत भएको कामको सम्बन्धमा देहाय अनुसार देखिएको छ।<br><br>(१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा अधिकांश उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर एवम केहि योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति नभएको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको देखिएन। साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेको काम कारबाहिको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा नियममा भएको व्यवस्था बमोजिम गरेको पाइएन।<br><br>(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए मश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट सञ्चालित योजनाहरुको नियममा व्यवस्था भए बमोजिम निर्माण काम सम्पन्न भए पश्चात ति योजनाहरु उपभोक्ताहरुलाइ हस्तान्त्रण नभएको र सम्पन्न योजनाहरुको अभिलेख नराखेको तथा कतिपय योजनाहरुको अनुगमन नभएको अनुगमन भएका योजनाहरुको अनुगमन प्रतिबेदनमा अनुगमन मिति नखुलाएको अनुगमनको क्रममा देखिएका व्यहोराहरु उल्लेख नगरिएको तथा केहि योजनाहरुमा संयोजकको अनुपस्थितिमा अनुगमन गरेको पाइएकोले सञ्चालित योजनाहरु लागत अनुमान अनुसार गुणस्तरिय रुपमा र तोकिएको समयमा निर्माण काम भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन।<br><br>(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालन भएका योजनाहरु सम्पन्न भए पश्चातसो कामको लागि पेश भएका बिल भरपाइहरुमध्ये रितपूर्वकको बिजक पेश नगरि सामान्य भरपाइ पेश गरेको र ति भरपाइमा परिमाण,दररेट नखुलाइएको तथा ढुवानिको हकमा कहाँ देखि कहाँसम्म कति परिमाण र दररेटमा ढुवानि गरेको हो भरपाइमा नखुलाएको साथै उपभोक्ताले पेश गरेको डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्यहोरा नखुलाएको केहि डोर हाजिरमा रकम बितरण गर्नेको दस्तखत नभएको,कामदारको बाबुको नाम तथा ठेगाना नखुलाइएको, डोर हाजिर सिफारिस गर्नेको दस्तखत नभएको,प्रमाणित गर्नेको दस्तखत नभएको आदि कारण उपभोक्ता समितिबाट पेश भएका भरपाइ एवम डोर हाजिरमा उल्लेखित परिमाणको निर्माण सामाग्रि तथा कामदारहरु तत् योजनाहरु निर्माणको काममा वास्तबिक रुपमा खर्च भइ भुक्तानि भएको हो वा होइन यकिन हुन सकिएन। साथै उपभोक्ता समितिहरुले नियममा | | |

व्यवस्था भए अनुसार खर्च भएको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरि पेश गर्नुपर्ने सो समेत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको परिपालना गरेको देखिएन।

(४) बिभिन्न योजनाहरुको निर्माण काम गर्नको लागि गाउँपालिका र उपभोक्ता समितिबिच भएको सम्झौतामा श्रममूलक प्रबिधिबाट कार्य गराउने गरि लागत अनुमान तयार गरि सम्झौता भएकोमा उपभोक्ता समितिहरुबाट मेशिनरी उपकरण प्रयोग गरि कार्य गरेको पाईएमा उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरि उपभोक्ता समितिलाई भुक्तानि गरिएको रकम मूल्यांकन गरि बढी भुक्तानि भएको रकम सरकारी बाँकि सरह उपभोक्ता समितिबाट असुल उपर गरिने व्यवस्था सम्झौतामा रहेकोमा बिभिन्न उपभोक्ता समितिबाट मेशिनरी ईक्विपमेन्ट प्रयोग गरि निर्माण काम गराएको कारण उपभोक्ता समितिलाई बढी भुक्तानि हुन गएको तथा पालिकाले उपभोक्ता समितिहरुलाइ हेभि इक्विपमेन्ट प्रयोग गर्ने गरि नियम बिपरित लागत अनुमान तयार गरेकोमा अधिकांश उपभोक्ता समितिहरुले हेभि इक्विपमेन्ट प्रयोग गरेको बिल भरपाइ पेश नगरेको कारण काममा गुणस्तरिय नहुनुको साथै उपभोक्ता समितिलाइ बढि भुक्तानि हुन गएको देखिएकोले पालिकाले यकिन गरि सम्झौता अनुसार असुल उपर गर्नुपर्ने देखिन्छ।

(५) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन,औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम र सिप अनुसार गर्नुपर्ने निर्माण काम मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।

६८ **राजश्वको अभिोलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन यकीन गर्न सकिएन। कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो।

६९ **राजश्व ढिला दाखिोला**

लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३(२)(३) बमोजिम सरकारी कारोबार गर्ने स्वीकृत प्राप्त बैंकमा जम्मा हुन आएको राजश्व सोही दिन संचित कोषमा दाखिला गर्नु पर्दछ। कुनै काबु बाहिरको परिस्थिती परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट संचित कोषमा दाखिला गर्नु पर्ने देखिन्छ।साथै सोही ऐन अनुसार समयमा राजश्व दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखा परिक्षण गरिएकोमा पालिका र वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐन भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन। कार्यालयबाट भएको आम्दनी रकम सबैजसो जिम्मेवार कर्मचीहरुले महिनामा एक पटक सम्बन्धित राजश्व खातामा जम्मा गरेको देखियो। कार्यालयले सम्पूर्ण वडा कार्यलयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरि राजश्व रकम र बैंक दाखिला गरेको विवरणमा भिडान गर्न कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। नमुना छनौटमा देहाय अनुसार राजश्व ढिला दाखिला गरेको देखिएकोले कार्यालयले यकिन गरी सम्बन्धित ढिला दाखिला गर्ने सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ।

| वडा नं. | राजश्व उठाउने कर्मचारीको नाम | वार्षिक राजश्व असुली | बैक दाखिला | ढिला दाखिला रकम |
|---|---|---|---|---|
| १ | कृष्ण खडका | २७११३३.६८ | २७१०७४.८४ | ७०३३९.२१ |
| ४ | विष्णु प्रसाद थारु | ५४३७८९.२३ | ५४३७८९.२३ | २७०८४३.४९ |
| ६ | रुपेश कु.श्रेष्ठ | ६५९५७०.९९ | २७५३६०.४६ | २४४६४८.८२ |

| | | | | |
|---|---|---|---|---|
| ७ | कांग्रस थारु | ४१७३८० | ४१७३८७ | ३४८८२६.१५ |
| ९ | हेमराज वली | ३४५१९९.६२ | ३४५५१३ | १७२८१३ |
| | जम्मा | २२३७०७३.५२ | १८५३१२४.५३ | ११०७४७०.६७ |

७०

**विधालयगत निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।

७१ ९९ २०७९-३-१६

**शैक्षिक गुणस्तर सुदृढिकरण अनुदान**

कार्यालयले पालिकाभित्र रहेका ७ विधालयहरुलाई शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनमा आधारित अनुदान रु ४५,५०,००० निकासा दिएको देखिन्छ। तर यस सन्दर्भमा खर्च पुष्टयाईको बिल भरपाई प्रमाण पेश नभएको देखियो। तसर्थ विधालयहरुले कार्यक्रम अनुसारको खर्च गरेको बिल भरपाईको पुष्ठयाई सहितको अनुगमन गरी अनुदान सदुपयोगको सुनिश्चितता हुनुपर्दछ। तथा कार्यालयले ७ वटा विधालयहरुलाई आसिटि, विज्ञान प्रयोगशाला र पुस्तकालयका लागि अनुदान दिएकोमा निम्न बमोजिमको दुई वटा विधालयको खर्चको विल भरपाई पेश नभएको देखिन्छ। यसरी पालिकाले दिएको अनुदानको सहि सदुपयोगको लागि बिल भरपाई चेक जाच गरी सम्बन्धित शिर्षकमा खर्च भए नभएको बारे अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

| विधालयको नाम | खर्च प्रयोजन | निकासा रकम | कैफियत |
|---|---|---|---|
| सहिद स्मारक आ.वि.खोरिया | पुस्तकालय | ६५०००० | बिल भरपाई पेश नभएको |
| जनशक्ति मा.वि.बैजापुर | आसिटी ल्याब | ६५०००० | बिल भरपाई पेश नभएको |
| दुर्गाभवानी मा.वि.  शम्शेरगंज | विज्ञान प्रयोगशाला | ६५०००० | अनुगमन हुनुपर्ने |
| नेपाल राष्ट्रिय मा.वि.  कुम्भर | पुस्तकालय | ६५०००० | अनुगमन हुनुपर्ने |
| नेपाल राष्ट्रिय आ.वि.  राजपुर | आसिटि | ६५०००० | दाखिला प्रमाण नदेखिएको |
| जनजागृति आ.वि.  नवलपुर | पुस्तकालय | ६५०००० | अनुगमन हुनुपर्ने |
| जनता मा.वि.  बैजनाथपुर | विज्ञान प्रयोगशाला | ६५०००० | दाखिला प्रमाण नदेखिएको |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा ४५५०००० | |
| ७२ | | | **शैक्षिक तथ्याङ्क**<br><br>गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/७९ मा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ। कार्यालयले कृयाकलाप नं .१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ। विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी एकिन गर्न सकिएन। | |
| ७३ | | | **समानिकारण अनुदानबाट शिक्षकको तलब**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ४३९७०४२६ तलब भत्ता भुक्तानी गरेको पाईयो। | |
| ७४ | | | **शैक्षिक प्रतिवेदन**<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन। | |
| ७५ | | | **बढी निकासा**<br><br>शिक्षकको तलब निकासा दिँदा माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ।कार्यालयले लक्ष्मी मा.वि.-२, मदुईलाई दोस्रो त्रैमासिकको कार्तिक देखि पौषसम्मको निकासा माग विवरणका अनुसार रु १२६३५२८ निकासा माग गरिएकोमा रु १३१८६४५ निकासा दिइएको रु ५५११७ बढी देखिन्छ। त्यसतै, सरस्वति मा.वि. भवनियापुरमा कार्यरत शिक्षक हरी कुमारी घर्तिको अवकाश मिति २०७८ साउन ३१ गते रहेकोले उनको नाममा निकासा रु ५११५३.८३ हुनुपर्नेमा रु १९७७८३.५० निकासा दिएको रु १४६६२९.६७ बढी देखिन्छ। यसरी बढी निकासा दिएको रु ५५११७ र १४६६२९.६७ गरी जम्मा रु २०१७४६.६७ सम्बन्धितबाट असुल हुनुपर्ने रु<br><br>त्यसतै, कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ने.रा.मा.वि.रोल्पाबाट आनिल भण्डारी लक्ष्मी मा.वि.मदुईमा रमाना लिई आएको मिति २०७८ पौष २ गते रहेकोमा तलब निकासा दिदां मंसिर ४ गतेबाटको तलब निकासा दिएको पाईन्छ। लेखापरीक्षणको क्रममा अनिल भण्डारीको रमाना पेश नभएकोले साविकको विधालयबाट कहिले सम्मको तलब खाएको यकिन गर्न सकिएन। तसर्थ, पालिकाले उपलब्ध गराएको विवरणको आधारमा मंसिर ४ देखि पौष २ गतेसम्मको तलब रु ३३०५५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु | २३४,८०१.६७ |
| ७६ | ९ | २०७८-११-२२ | **शैक्षिक परामर्श**<br><br>सार्वजनिक खरिद नियमावली,२०७८ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने | |

<table>
<tr><td></td><td></td><td></td><td>व्यवस्था छ। तर पालिकाले विधालयहरुको शैक्षिक गुणस्तर सम्बन्धि सम्भाव्यता अध्ययनका परामर्श सेवाको खरिद गरी विभिन्न शिर्षकबाट रु. ९८२५०८ खर्च लेखेका छन्। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>शैक्षिक गुणस्तर प्रतिवेदन<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विधालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। गाउँपालिकाले आ.व.२०७८/७९ मा विधालयहरुको शैक्षिक गुणस्तरको अनुगमण गरेको प्रतिवेदन कार्यालयसँग देखिएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विधालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>विधालयगत निकासा खाता<br><br>कार्यालयले विधालयलाई दिएको त्रैमासिक निकासाको विधालयगत निकासा अभिलेख खाता राखेको हुनुपर्दछ। कार्यालयले विधालयलाई दिएको निकासाको विधालयगत निकासा अभिलेख राखेको देखिएन। यसबाट विधालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ। अतः विधालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७९</td><td>४</td><td>२०७८-९-६</td><td>विधालय सहयोगिलाई प्रोत्साहन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। तर पालिकाले विधालय सहयोगीहरुलाई प्रोत्साहन भन्ने शिर्षकबाट सुरेश कुमार डागीँको आर्थिक अवस्था कम्जोर भई आफ्नो पढाईको निरन्तरताको लागि रु. १५०००० आर्थिक सहायता उपलब्ध गराएको देखिन्छ।तसर्थ पालिकाले आर्थिक सहायता कार्यविधि बनाई खर्च लेख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक<br><br>पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ। तर पालिकाले विधालयलाई पाठयपुस्तकको लागि निकासा दिएको नमुना छनौटको रुपमा परीक्षण गर्दा निम्न विधालयहरुले निकासा दिएको भन्दा रु २८४४ घट्टीको खरिद गरेको बिल पेश गरेको देखिन्छ। यसरी निकासा दिएको भन्दा घट्टीको पाठयपुस्तक खरिद गरेको सम्बन्धित विधालयबाट असुल गर्नुपर्ने रु<br><br>
<table>
<tr><td>विधालयको नाम</td><td>निकासा रकम</td><td>खरिद बिल रकम</td><td>घट्टी खरिद रकम</td></tr>
<tr><td>श्री ने.रा.आ.वि. महेन्द्रपुर</td><td>१३४८३९</td><td>१३३७४३</td><td>१०९६</td></tr>
<tr><td>श्री हरिसिद्धि प्रा.वि. भम्का</td><td>१४५४०</td><td>१२७९२</td><td>१७४८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८४४</td></tr>
</table></td><td>२,८४४</td></tr>
<tr><td>८१</td><td>१६</td><td>२०७९-१-१६</td><td>शैक्षिक परामर्शदाता नियूक्त<br><br>सार्वजनिक खरिद नियमावली,२०७८ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले श्री शिवशक्ति मा.वि.का अवकास प्राप्त शिक्षक गोरख बहादुर हमाललाई पालिकाभित्रका विधालयहरुको अनुगमन गरी आवश्यक सुझाव मासिक रुपमा लेखि पठाउने कामको लागि परामर्श सेवा लिई रु २२८००० खर्च गरेको देखिन्छ। यसरी कार्यालयले आफै गर्न सक्ने कामको लागि परामर्शदाता नियूक्त गरेको उपयूक्त देखिदैन।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८२ | १४ ३ | २०७९ -३- २२ | **बिल भरपाई पेश नभएको**<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले स्वास्थ्य तर्फको कार्यक्रम अन्तर्गत पोषण कार्यक्रमको लागि स्वास्थ्य केन्द्र कमैया डाडालाई रु ५०००० \|- पेश्की दिएकोमा पेश्की फछयौटको बिल भरपाई नभेटिएकोले बिल भरपाई पेश हुनुपर्ने रु | ५०,००० |
| ८३ | | | **पारिश्रमिक कर**<br><br>आयकर ऐन, २०५८ को परिच्छेद १६.२.५ मा भएको व्यवस्था बमोजिम पारिश्रमिक कर गणना गर्दा वार्षिक आय दम्पतिको हकमा सुरु आयको रु ४५०००० \|- सम्म १ प्रतिशत, त्यसपछिको १००००० \|- सम्ममा १० प्रतिशत, त्यसपछि थप २००००० \|- सम्ममा २० प्रतिशत र त्यसपछिको आयमा ३० प्रतिशत पारिश्रमिक कर कट्टी गर्ने व्यवस्था छ ।तर पालिकाले निम्न बमोजिमको कर्मचारीहरुको पारिश्रमिक कर कट्टी नगरेको पाइएकोले सम्बन्धित कर्मचारीसँग असुल गर्नुपर्ने रु | १६५,५५२ |
| ८४ | | | **सोझै औषधि खरिद**<br><br>औषधि खरिद सम्बन्धि थप व्यहोरा निम्न रहेका छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>:<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर पालिकाले पटक पटक गरी निम्न बमोजिम उक्त प्रक्रिया वेगर रु. २८६९७१५ \|- का औषधि टुक्रापारी खरिद गरेको छ। यसरी प्रकृया बेगर सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु | २,८६९,७१५ |

| गो.भौ.नं./मिति | कारोबारको व्यहोरा | सप्लायर्सको नाम | खरिद मुल्य |
|---|---|---|---|
| ३४-०७८/१०/२० | औषधि खरिद | सिर्जना मेडिसिन सप्लायर्स | ६५४९५२ |
| ३४-०७८/१०/२० | औषधि खरिद | हिल्स मेडि सप्लायर्स | ६२६७५९ |
| १३६-०७९/३/२५ | औषधि खरिद | हिल्स मेडि सप्लायर्स | ४९३२९१ |
| ५-०७८/७/१० | औषधि खरिद | रमन मेडिसेल्स | ९६६३७ |
| २३-०७९/३/१२ | औषधि खरिद | ओशन फार्मा | ९९८०७६ |
| | जम्मा | | २८६९७१५ |

| | | | | |
|---|---|---|---|---|
| ८५ | | | **जिन्सी दाखिला**<br><br>कार्यालयमा रहेको जिन्सीको अभिलेख अध्यावधिक गरी राख्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको जिन्सीको PAMS मा नरहेको जनाएको छ । यसरी जिन्सीको अभिलेख अध्यावधिक नहुदा जिन्सी मालसमानहरुको सुरक्षा नहुने देखिन्छ । तसर्थ, कार्यालयले जिन्सी अभिलेख व्यवस्थित राख्नु पर्दछ । | |
| ८६ | | | **स्वास्थ्य कार्यक्रम**<br><br>कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन र अधिकाशं कार्यक्रमहरु असारमा भएको देखिन्छ ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन । | |
| ८७ | | | **स्वास्थ्य तलबि प्रतिवेदन**<br><br>निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तसर्थ तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ८८ | | | **स्वास्थ्य करार**<br><br>पालिकाले दरबन्दी अनुसारको पदपूर्ती गरी स्वास्थ्य सेवालाई निरन्तरता दिनु पर्दछ । तर पालिकाले स्वास्थ्य तर्फ अहेब, अनमि र कास गरी ४३ जना स्वास्थ्य कर्मीहरु करार सम्झौता गरी सेवा लिएको देखिन्छ । यस सन्दर्भमा पालिकाले दरबन्दी नै नभएको अवस्थामा समेत करार कर्मचारीको नियूक्त गरेको उपयूक्त देखिदैन । | |
| ८९ | | | **लघु उधम कार्यक्रम**<br><br>संघीय सशर्तबाट संचालन भएको लघु उधम कार्यक्रम अन्तर्गत कार्यालयले विभिन्न तालिमहरु जस्तै, गुडिया सम्बन्धि तालिम, आधारभुत सिलाई कटाई तालिम र ब्युटी पार्लर सम्बन्धि तालिम लगायतका तालिम कार्यक्रमहरु संचालन गरी प्रविधि हस्तान्तरण तर्फ सिलाई मेशिन वितरण, ब्युटी पार्लर सम्बन्धि सामग्री लगायतका सामग्रीहरु खरिद गरी हस्तान्तरण गरेको देखिन्छ । यसरी कार्यालयले संचालन गरेको तालिम तथा प्रविधि हस्तान्तरणले आपेक्षित उपलबन्धि हासिल भए नभएको बारे पालिकाले अभिलेख राख्नु पर्दछ र उपलब्धि अनुसार यसतो कार्यक्रमलाई निरन्तरता दिनु पर्दछ । | |

९० **पकेट क्षेत्र विकास कार्यक्रम**

प्रधानमंत्री कृषि आधुनिकिकरण आयोजना कार्यक्रम अन्तर्गत पालिकाले निम्न समुह/समितिहरुलाई ५० प्रतिशत लागत सहभागितामा आधारित रहि अनुदान दिएको देखिन्छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा अनुदानको वितरण पदाधिकारीको रोहबरमा भएको देखिएन । तसर्थ अनुदानको सहि सदुपयोगको सुनिश्चितताको लागि पदाधिकारीको रोहबरमा सामग्री वितरण तथा समय समयमा अनुदानको अनुगमन गरी कार्यालयले अनुदानको सदुपयोगको अवस्था बारे अभिलेख राख्नु पर्ने देखिन्छ

| गो.भौ.नं./मिति | कार्यक्रम | समूहको नाम | अनुदान रकम | कैभियत |
|---|---|---|---|---|
| ८४-०७९/२/३१ | तरकारी पकेट कार्यक्रम | जनशक्ति महिला कृषक समूह | ६००००० | निरन्तरता |
| १३३-०७९/३/२४ | मकै पकेट कार्यक्रम | शिव शक्ति कृषि सहकारी संस्था लि. | १२००००० | नयाँ |
| १३४-०७९/३/२५ | धान पकेट क्षेत्र कार्यक्रम | श्री प्रगतिशिल कृषक समूह | ६००००० | निरन्तरता |
| १३५-०७९/३/२५ | धान प्रवर्धन कार्यक्रम | साकार कृषि सहकारी संस्था लि. | २६८८४२० | नयाँ |

९१ **अनुदानको सदुपयोग**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

९२ **बैकलाई पेश्की दिई वितरण**

सामाजिक सरुक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची – ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु.१३,९९,२०,९७५|- खर्च गरेको छ। कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन। सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछर्यौट भएपश्चात दोश्रो किस्ता र सो फछर्यौट गरी तेश्रो किस्ता निकासा दिई फछर्यौट गर्नुपर्नेमा आ.बको अन्त्यमा मात्र पेश्की फछर्यौट गरेको छ। अघिल्लो किस्ताको सामाजिक सुरक्षा भत्ता पेश्की फछर्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

९३ **लाभग्राहिको तथ्याङ्क अध्यावधिक**

